# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि :

नेपाल एक बहुजाति , बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक पहिचान भएको देश हो । नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तथा हिमाल देखि तराईसम्म बसोबास गरेका सबै जातजातिहरू सिङ्गो नेपाली सांस्कृतिका  अभिन्न अङगका रुपमा रहेका छन् ।
यादव “अहिर”जाति एक आदिम  चन्द्रवंशी क्षत्रीय जातिय हो ।नेपालमा यसको कुलजनसंख्याको ४.२ प्रतिशत आवादी रहेको छ । वर्तमान कालमा हिन्दूधर्मको दुईवटा प्रवल पक्षहरु रहेका छन् । एक आर्य समाजको बौद्धिक पक्ष र अर्को सनातन धर्मको पौराणिक पक्ष ,बैदिक पक्ष जहाँ गुण ,कर्म र स्वाभावले जातका आधारमा वर्ण व्यवस्था मान्दछ । यादव अहिर समाज पौराणिक बन्धनमा यसरी बाँधिएका छन् कि यसबाट पृथक भएर समाजको बारेमा चर्चा परिचर्चा समेत हुन सक्दैन । तसर्थ पौराणिक पक्षको आधारमा यादव अहिरहरुको चर्चा गर्नु सान्दर्भिक देखिन्छ । यादव “अहिर” जाति एक आदिम चन्द्रवंशी क्षत्रीय  जातिय हो । धर्तीको पुत्र चन्द्रमाबाट नै यादव वंशको शुरुवात भएको मानिन्छ । चन्द्रमालाई नै यदुवंशीको मूल मानिन्छ । यसै कारणले यादव चन्द्रवंशी क्षेत्री कहलाउँदछ । यादवहरुलाई स्थानीय भाषामा र सामाजिक बोलीचालीको रुपमा तथा सामान्य प्रचलनमा अहिर ,गोआर आदिको नामबाट समेत सम्बोधन गर्ने गरिन्छ ।

नेपालको तराई भू-भागमा बहुसंख्यक रुपमा बसोबास गर्ने मधेसका विभिन्न जातजातिहरुमध्ये थारु पछिको दोस्रो स्थान ओगटने  यादव जातिहरुले नामको अगाडि विभिन्न उपनाम लेख्ने गरिन्छ । यिनीहरु प्रायः घोसिन यादवहरुले अरगरिया ,कुशियैत,कापैर,कोडगिया,खेरवार ,खिरहरि, खडगा,गौइत,भुसकुलिया,सागहा,गुरमैत,गोहिवार,गौहितमान,महतमान,नडसरिया,पर्सैला,  पधैया, वनरैत , वडवडिया , वहरखेर , विराजी , भदिसवार,भीन्डवार,अधिकारी ,महारान, रोहिता ,लहोटिया, सुरैत , सन्रैत ,सढोक,सिपिलिया लेख्छ भने मजरोइटहरुले जादव , यादव , अहिर मात्र बढी प्रचलनमा लेख्ने गरेको पाइन्छ ।  कृष्नौतहरुमा प्राय यादव लेख्ने गरेको पाइन्छ ।

हिन्दी शब्दकोषमा अहिरहरुलाई गोप ,ग्वाल र अहिरहरुको बस्तीलाई अहिरान भनिएको छ । वेदमा यिनीहरुलाई पाञ्जजन्य मध्ये प्राचीन इन्डो आर्यन जाति भनिएको छ । यिनीहरुलाई यिनीहरुलाई ब्राहम्ण पुरुष र वैश्यपुत्रीबाट उत्पन्न सन्तान भनेका छन् । महर्षि पतञ्जलीले यिनीहरुलाई लगभग शुद्रकै कोटीमा राखेका छन् । वायु पुरानमा यिनीहरुलाई म्लेच्छ भनिएको छ ।

यादव शब्दको उत्पति यादव हिन्दू जाति र पाञ्चजन्य मध्येका प्राचीन इन्डो आर्यन क्षत्रीयवंशी हुन् । यादवहरु वैदिक कालको क्षत्रीय राजा यदु ययातिका ज्येष्ट सुपुत्र) वंशका सन्तानहरु हुन् । केही विद्वानले “आर्य” शब्दको उत्पतिसँग आहिर (ग्वाला, यादव) लाई जोडेका छन् । आजको निष्पक्ष विद्वान्हरुले यो सिद्ध गरिसकेका छन् कि आर्य शब्दको उत्पत्ति यादव वाटै भएको हो । उनीहरु भन्छन । “आर्य शब्द अर”धातुबाट बनेको हो जसको अर्थ हो जमिनलाई जोत्नु । यसले जुन समुदायका मानिसले सर्वप्रथम खेतिको शुरुवात गरे , उनीहरु नै आर्य थिए र उनीहरुलाई आर्य भनियो पनि । यस अर्थमा आर्य भनेको अहिर चन्द्रवंशी नै हो ।

अहिरको उत्पति आभिर शब्दबाट भएको हो।आभिर शब्दज्यू अपभ्रंश“अहिर” हो । (Ahir a corruption of the word earless") यादव जाति को यो एउटा उपाधि वा पदवी हो । यसको परम्परागत पेशा गाई पाल्ने वा गोठला बस्ने हो ।

यदु संज्ञाबाट यादव विशेषण बन्यो र यदुवंशीकै उपजाति अहिर हो यस वंशको उदभव ब्रम्हामा सनतान बुद्धिको पुत्र पुररवाको कालबाट शुरु भएको मानिन्छ । ब्रहमाबाट उत्पन्न संततिमध्ये अत्रिमुनी ( पत्नी अनुसुया) को तीन पुत्र मध्ये चन्द्र सबै भन्दा जेठो थिए । उनी आफ्नो कालको प्रतापी वंश पुरुष भए चन्द्र को नाती बुधको छोरा पुररवाले चन्द्रवंशको शुरुवात गरे पछि गएर कतिपय आभिर यादवहरू चन्द्रवंश लेखाउन थाले । यिनै वंशमा पछि गएर राजा ययातिको विवाह गुरुशुक्रचार्य (ब्राहमण) को छोरी देयानीसँग भयो । देवयानी सखिको नाम थियो शर्मिष्ठा जो राक्षसराज वृषपको छोरी थिइन् । देवयानी र शर्मीष्ठा बच्चपन देखि नै सखीकै साथै बस्ने । देवयानी र शर्मीष्ठा वीच भएको झगडाले गर्दा शर्मीष्ठालाई दासिको रुपमा राख्न विवश गरे । देवयानी विवाहपछि ससुराल विदाई हुँदा शर्मिष्ठा पनि अन्य सखीसँगै देवयानीको ससुराल राजमहल पुगिन् त्यँहा शर्मिष्ठा केही वर्ष त दासीकै रुपमा बसिन् त्यसपछि प्रेम मुग्ध भएर

राजा ययातीले शर्मिष्ठा सँग विवाह गरे । यसप्रकार राजा ययातीको दुईवटा पटरानी भए समय बित्दै जाँदा देवयानीवाट २ वटा छोरा यदु र तुर्वसु भए र शर्मिष्ठावाट ३ वटा  छोरा द्रुहय,अनुद्रहय र पुरु जन्मे । राजा ययातीको सवभन्दा जेठो छोरा यदु थिए । अतः ऐतिहासिक कालखण्डमा यदुका सन्तानहरुनै पछि गएर यादव भनिए ।

नेपालको तराईमा यादव जातीको बहुल्यता रहेको छ । मोंरङ्ग, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा जिल्लाहरुमा अधिकांश बसोबास यादवहरु कै छ । वर्तमान कालमा हिन्दुधर्मको दुईवटा प्रवल पक्षहरु रहेको छ ।  एक आर्य समाजको वैदीक पक्ष र अर्को सनातन धर्मको पौराणिक पक्ष बैदिक पक्ष जहाँ गुण कर्म र स्वाभावले जातका आधारमा वर्णवस्था मान्दछ । यादव अहिर समाज पौराणिक बन्धनमा यसरी बाँधिएका छन् । कि यसबाट पृथक भएर समाजको बारेमा चर्चा परिचर्चा समेत  हुन सक्दैन । तसर्थ पौराणिक पक्षको आधारमा यादव अहिरहरुको चर्चा गर्न सान्दर्भिक देखिन्छ । (श्री कृष्ण स्मारिका/पिछडा वर्ग २०७४)

जातीको उत्पत्ती कहिले र कसरी भएको हो ? जाति , जातिका बीचमा विभाजन कहिले देखि भएको हो ? भन्ने सम्बन्धमा  विद्वान् वर्गहरुले  अनेक विचारहरु प्रकट गरेको भए तापनि यस सम्बन्धि विवाद पनि अथावत नै देखिन्छ । तर यस वारेमा हिन्दू धर्मग्रन्थ , पुराण  आदिबाट केही जानकारी पाउन सकिन्छ । मानिसको सृष्टि भए देखिने जात, जातिका बीचमा विभाजनको रेखा कोरिएको देखिदैन । त्यस बेलाको समाज मानिसहरुले  आफ्नो गुण र योग्यताको आधारमा विभिन्न कार्यहरु गर्दै आएको भए तापनि न त वर्ण व्यवस्था नै थियो  न त जात-जातिको आधारमा मानिस- मानिसका बीचमा उच्चता र निच्चताको भेदभाव नै थियो  । ऋग्बेदमा वर्णको उत्पतिको वारेमा चर्चा गर्दै  सम्पूर्ण समाजलाई चार वर्णमा विभाजित गरेको पाइन्छ । विश्व पुरुषको मुखबाट ब्राह्मण , पाखुराबाट क्षेत्री , कम्मरबाट  वैश्य र पैतालाबाट  शुद्रको उत्पत्ति भएको मानिन्छ । बेदिक युग बितेपछि वर्ण र वर्णहरुको काम कर्तव्यहरु सम्बन्धी धारणामा  परिवर्तन आउन थाल्यो । यसकालमा एउटा वर्णले जुन काम गरेको छ त्योकाम अर्को वर्णले गर्नु हुँदैन भन्ने  भावनाको विकास हुन थाल्यो (खत्री , २०३९) ।

नेपाली समाजमा जातीय बनावटबाट र यसले पारेको असरहरुको अध्ययनको क्रममा डोर बहादुर विष्टद्वारा लिखित “सबै जातको फुलबारी” नामक पुस्तकमा बाहुन क्षेत्री लगायत नेपालका जनजातीकोसामाजिक आर्थिक तथा सांस्कृतिक पक्षको अध्ययन गरेका छन् । भने

हामी बाहुन क्षेत्री शीर्षकमा ज्यादै नै सानो जनसंख्या हुनाले पात्लो गरी झन्डै उति नै छरिएर तराईमा बसेको जात चाहि यादव र यादव नै होला । यसरी तराईमा बस्ने गरेका यादब जातिको धेरै जनसंख्या भएतापनि छुट्टै अभिलेख नभएको हुनाले म पनि यसै जातिभित्र पर्ने भएकोले यादव जातिका सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको अध्ययन गर्ने कोशिश गरेकोछु ।

## १.२ समस्याको कथन

नेपालका मधेशी आदिवासी जातिहरुमध्ये यादव जाति पनि एक हो । देशको मुख्यत : तराइ क्षेत्रमा बसोबास गर्दै आएका यादव जाति हाल पूर्व मेची देखि पश्चिम महाकाली सम्म छरिएर बसोबास गरिरहेको पाइन्छ । नेपालमा विभिन्न किसिमका मानिसहरु परम्परागत कृषि तथा पशुपालन (गाई, भैसीं, बाखा) पेशामा निर्भर रहँदै आएका छन् । त्यस्तै पेशाा अँगालेको यादव जाति पनि एक हो । कृषि उत्पादनबाट भएको अन्नले मात्र गुजारा नचल्ने हुँदा स्वदेश लगायत विदेशमा गएर विभिन्न पेशाा अंगाल्न बाध्य भएका यादव जातिको सामाजिक , सांस्कृतिक , आर्थिक , धार्मिक आदि विभिन्न अवस्थामा पर्न गएको असर अध्ययन गर्नु आवश्यक देखिन्छ । ग्रामीण क्षेत्रमा प्रत्यक्ष सिचाइको अभावमा र अन्य असुविधाहरुको कारणले गर्दा धेरै जसो मानिसहरु आफ्नो गाउँ छोडी अन्यत्र बसाई सराई गर्ने चलन र बैदेशिक मुलुकहरु तर्फ पलायन हुनेक्रम तीव्र देखिन्छ ।

देशमा मुलुकी ऐन लागु भएको ५३ वर्ष र प्रजातन्त्रको पुर्ववहाली भएको २८ वर्ष बिती सक्दा पनि यस जातिहरुको शिक्षा, स्वास्थ्य , आर्थिक विकासका दृष्टिले योजाति धेरै पछाडि परेको छ । यसैले यस अध्ययनको क्षेत्रका यादव समाजको जन्म देखी मृत्यु सम्म संस्कारहरु र रितिरिवाज र आर्थिक स्थितिमा  समुदायको भूमिका के कस्तो रहेको छ ? चाडपर्व परम्परागत मान्यत , रहनसहन , भेषभुषा लवाई खवाई आदिमा उनीहरुको सहभागिता कस्ता छन् । साथै सांस्कृतिक तथा आर्थिक सुधारका लागि के कस्ता सुभाव तथा सल्लाहको आवश्यकता पर्दछ  आदि समस्याहरुसँग सम्बन्ध भएर यो शोधपत्र तयार  गरिएको छ ।

कुनै पनि विषयको अध्ययन गर्नुको केही न केही उद्देश्य हुन्छ । उद्देश्य विनाको अध्ययन गन्तव्य विनाको यात्रा जस्तै हुन्छ । यसरी गन्तन्य थाहा नहुँदा कहाँ पुग्नु पर्ने हो र कुन दिशा जानुपर्ने हो थाहा हुँदैन त्यस्तै उद्देश्य विनाको अध्ययन पनि कुन विषयमा के को बारेमा र कति गहिराई सम्म अध्ययन गर्नु पर्ने हो थाहा हुँदैन  त्यसेलै अध्ययन अनुसन्धानको लागि स्पष्ट रुपमा उद्देश्य निर्धारण गर्नुपर्ने भएकोले गोलबजार नगरपालिका ८ का यादव जातिका सांस्कृतिक अवस्थाको समाज शास्त्रीय अध्ययन गर्नुका उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

## १.३ अध्ययनका उद्देश्यहरु

(क) यादव जातिको सांस्कृतिक अवस्थाकोअध्ययन गर्नु ।

(ख) यादव जातिको संस्कार जीवनशैलीको अध्ययन गर्नु ।

(ग) यादव जातिका सामाजिक, सांस्कृति र आर्थिक पक्षको व्याख्या गर्नु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरु

यादव जाति सामाजिक आर्थिक शैक्षि ,सांस्कृतिक राजनैतिक रुपले पछाडी परेका समुदायभित्र पर्दछन् ।त्यसैले तिनीहरुको यी समस्याको पहिचान गरी तिनको निराकरण गर्नुपर्ने आवश्यकता भएकाले निम्न प्रश्नका आधारमा समस्याको निकास खोज्ने  प्रयत्न गरिएको छ । त्यसैले यो अध्ययन निम्न अनुसन्धानात्मक प्रश्नमा आधारित छ ।

क) यस अध्ययन क्षेत्रका यादवहरुको सांस्कृतिक अवस्था कस्तो छ ?

ख) यस अध्ययन क्षेत्रका यादवको आर्थिक अवस्था कस्तो छ ?

ग) स्थानीय अन्य जातिहरुसँग यिनीहरुको सम्बन्ध कस्तो छ ?

घ)सामाजिक,शैक्षिक,राजनीतिक स्थितिबाट अलगिएर यस जाति समाजमा बस्नु परेको कारण के हो ?

माथिका यिनी विभिन्न पक्षहरु सम्बन्धि यस अध्ययन क्षेत्रका यादवहरुको यर्थाथ अध्ययन अनुसन्धान गर्नु यस शोधकर्ताको प्रमुख दायित्व रहेको छ ।

## १.५अध्ययनको महत्व

यस अध्ययनले अध्ययन क्षेत्र अन्तर्गत बसोबास गर्ने यादवजातिहरुकोसामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको अध्ययन गरी अग्रिम दिनहरुमा अध्ययन गर्न चाहने स्वदेशी तथा विदेशी विद्वान् अनुसन्धानकर्ताहरु , समाजशास्त्रमा शोध कार्य गर्ने छात्र छात्रा लगायत गैर सरकारी संघ संस्थाहरुलाई समेत योजना तर्जुमा गर्न र नीति नियमहरु बनाउन सहयोग पुग्ने छ । साथै सांस्कृतिक विकास र आर्थिक उन्नतिका लागि निर्माण गरिने राष्ट्रिय नीति नियम तथा योजना तर्जुमा गर्न यसले सहयोग गर्ने छ । त्यसैगरी सामाजिक रितिरिवाज तथा आर्थिक अवस्था वारे अध्ययन गर्ने जो कोहिका निम्ति यो अध्ययन सहयोगी बन्ने छ।

## १.६ अध्ययनको सीमा

कुनै पनि खोज तथा अध्ययन अनुसन्धान कार्य सञ्चालन गर्दा त्यसको सीमा निर्धारण गर्नु पर्ने जरुरी हुन्छ । सीमा निर्धारण गर्नु को प्रमुख कारण भनेको सबै पक्षको एकै पटक अध्ययन अनुसन्धान गर्न नसक्दा त्यसको प्रतिनिधिमूलक क्षेत्र वर्ग र समुदायको अध्ययन गरी समग्ररुपमा तुलना गर्नु हो । साथै समय र अर्थतन्त्रको अभाव , जनशक्तिको अभाव ज्ञानको अभाव जस्ता विविध समस्यहरूलाई मध्यनजर गर्दै अध्ययनको सीमा निर्धारण गर्ने गरिन्छ । जसले अध्ययन अनुसन्धान वा खोज कार्यबाट प्राप्त सूचना तथा तथ्याङ्कको वैधानिकता र विश्वसनीयतामा समेत मद्दत गर्दछ ।

यस अध्ययनका लागि गोलबजार नगरपालिका वडा नं. ८ लाई छनौट गरिएको भए तापनि उक्त क्षेत्रमा बसोबास गर्ने अन्य जातिहरुको अध्ययन नगरी यस अध्ययनले विशेष गरी यादव जातिको बस्ती भएको क्षेत्रलाई मात्र समेट्ने प्रयत्न गरेको छ । यस अध्ययनमा यादवहरुको थोरै घरधुरीलाई मात्र अध्ययन गरिएकोले नेपालभरि बसोबास गर्ने यादव जाति सबैको प्रतिनिधित्व गर्न सक्दैन । केही कुराहरु मिल्न गएतापनि यस अध्ययनममा यादव जातिको

सामाजिक सांस्कृति तथा आर्थिक आवस्थालाई मात्र समेटने गरी हुनाले यसको परिणामलाई अन्य क्षेत्रका यादवहरुका विभिन्न अवस्थासँग तुलना गर्न मिल्ने देखिदैन ।

यस क्षेत्रमा बसोबास गर्ने यादवहरुको सामाजिक सांस्कृति तथा आर्थिक आवस्था परेका प्रभाव सम्बन्धी प्रकाशित कृतिहरुको अभावमा शोधकर्ता आफैले सङकलन गरी तथ्याङ्का आधारमा आफ्नो प्रतिवेदन तयार गरिनेछ । गोलबजार नगरपालिका वाड नं ८ का १००घरधुरीमा रहेको ६११ जनामा मात्र सीमित रहेर यो अध्ययन अनुसन्धान गर्न लागिएको हुँदा समग्र नेपालका यादवहरुको प्रतिनिधिका रुपमा यो अध्ययन सामान्यीकरण नहुन् पनि सक्छ ।

आफ्ना उद्देश्य प्राप्तिका लागि निश्चित प्रश्नको आधारमा निश्चित (छोटो) समयमा लिइएको जानकारी, सूचना र यसको नतिजालाई भौगोलिक स्थिति, उत्तरदाताको बुझाइ व्यक्तिको शैक्षिक योग्यता प्रश्नकर्ताको प्रश्न गर्ने शैली, ज्ञानको दायरा अध्ययनमा प्रयोग गरिएका सामग्री भाषा प्रस्तुतिको मिठासपनले समेत खोज तथा अध्ययन अनुसन्धानमा प्रभाव पार्न सक्छ । आफ्नो शैक्षिक उपाधि प्राप्ति लागि यसरी गरिएको अध्ययन अनुसन्धानको निष्कर्षले सबै ठाउँमा मेल नखान वा मान्य नहुन पनि सक्छ । त्यसकारण यस अध्ययनमा आफूले जे देखियो र उत्तरदाताबाट आएको उत्तरलाई जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ ।

## १.७ अध्ययनको संगठन

प्रस्तुत शोधपत्रको अध्याय एकमा परिचय अन्तगर्तको पृष्ठभूमि ,समस्याको कथन ,अध्ययनका उद्देश्यहरू, अध्ययनको महत्व, अनुसन्धात्मक प्रश्नहरु , अध्ययनको सीमा र अध्ययनको संगठन आदि रहेको छ । अध्याय दुईमा सन्दर्भ साहित्यको समीक्षा अन्तर्गत सैद्धान्तिक समीक्षा अनुभवजन्य समीक्षा नीतिगत समीक्षा  र अवधाराणात्मक ढाँचा, सैद्धान्तिक मेल रहेको छ । अध्याय तीनमा अनुसन्धान ढाँचा अध्ययन क्षेत्र छनौटको औचित्य , तथ्याङ्क स्रोत र प्रकृति , समग्र जनसंख्या तथा नमूना, तथ्याँक संकलन विधि तथा उपकरणहरु,तथ्याङ्क विश्लेषण तथा प्रस्तुती तथ्याङ्कको वैधाता र विश्वसनियता,नैतिक आचरण रहेको छ । अध्याय चारमा तथ्याङ्क सङकलन, विश्लेषण र प्रस्तुति रहेको छ । यसभित्र अध्ययन क्षेत्रका यादव जातिहरुको सामाजिक सांस्कृतिक तथा आर्थिक पक्षहरुमा उनीहरुको सहभागिता रहेको छ भने अन्तिम अध्याय पाँचमा अध्ययनको सारांश, निष्कर्ष र सुझावहरु समेटिएको छ ।

## अध्याय : दुई
## सन्दर्भ साहित्यको समीक्षा

### २.१ सैद्धान्तिक समीक्षा

अघि भएका अध्ययन अनुसन्धानको सारांश, समालोचना र मूल्याङ्कन नै पुर्वसाहित्यको समीक्षा हो जसले अनुसन्धानकर्तालाई सम्बन्धित अध्ययन किन गर्न लागेको हो भन्ने बारेमा स्पष्ट हुन् सहयोग गर्दछ । यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको समीक्षा सैद्धान्तिक ,व्यवहारिक र नैतिक गरी तीन भागममा विभाजन गरिएको छ ।

नेपाल भौगोलिक विविधता मात्र नभई सामाजिक-सांकृतिक अनेकताको कारणले गर्दा नेपाली समाजशास्त्रीय अतिरिक्त विभिन्न देशका अनुसन्धानकर्ताहरुलाई उर्वर भूमि भएको छ । नेपालको भू-भागमा बस्ने विभिन्न जनजातिहरुको विस्तृत अध्ययन गरी धेरै स्वदेशी एवं विदेशी विद्धानहरुले थुप्रै कृतिहरु प्रकाशित गरेका छन् जसले गर्दा नयाँ कृतिहरु प्रकाशित गर्न थप योगदान मिल्ने छ । तिनै प्रकाशित विभिन्न कृतिहरुबाट पनि यो शोधकार्य तयार गर्न मद्दत पुगेको छ र यहाँ उक्त कृतिहरुलाई समेत आधार बनाई यस यादव जातीको अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ ।

विभिन्न जनजातिको अध्ययन गर्ने नेपाली विद्वान्हरु जि.एस. नेपाली द नेवार (१९६५) नामक पुस्तक काठमाडौको कीर्तिपुर , पाङ्गामा बसोवास गर्ने नेवार जातीको वारेमा संरचनात्मक कार्यको दृष्टिकोणबाट त्यहाँका नेवार महिलाको बारेमा पनि लेखिएको पाइन्छ । त्यसैगरी जनजाती अध्ययन गर्ने जनकलाल शर्मा , सिताराम तामाङ्ग, प्रभाकर लाल दास , प्रेम कुमार खत्री आदि विद्वान्हरु रहेका छन् । नेपालका विद्वान्हरुमा डोरबहादुर विष्टको योगदानलाई जातिय अध्ययनको रुपमा विशिष्ट स्थान दिन सकिन्छ । उनले पिपुल अफ नेपाल (१९७६) मा देशका धेरै जनजाती समेटेका छन् । उनले दलित जाति अन्तर्गत दमाई ,कामी,सार्की आदिको छुट्टै अध्ययन गरेको छैनन् । विष्टले सबै जातको फुलबारी (२०३५) मार्फत् नेपालका जाति जनजातिको सामाजिक , आर्थिक र सांस्कृतिक पक्षको अध्ययन गरेका छन् ।

## २.२ अनुभवजन्य समीक्षा

नेपालमा यादवको २०-२५ प्रतिशत आवादी छ । अधिकास नेपालको तराईमा निवास गरेका छन् । यादवहरू आफ्नो थरको रुपमा रावल ,गुरमैता धोषिन, धोष , गौईत , भिदवार र बुधवार ,किथवार चारवाह,खिरवाह,धुरझगर कुशियौत,गोहीवार, तुल्लगदिया, भुरेर,अम्गारिया , मरिक पखरैत,बनरैत,सुनरैत,महारान,कापैर,महतो गहित,महितमान ,बडग्वाल,मधरिया,रोहिता, गुङहान , भदिसवान एंवम नेवार लेख्दछन् नेपालमा मधेशी यादवका रहनसहन खानपान लुगा एंव बोली भाषा सबै विहार र पूर्वी उत्तर प्रदेशका यादवहरुस्पष्ट प्रभाव छ। विवाह शादी पनि उक्त क्षेत्रमा गर्ने गरेको छ। भारतीय लडकीको विवाह गरेपनि पहिलो (भारतीय(वधु,बेउली) को नेपाली नागरिता लिनलाई धेरै कठिन हुन्थ्यो तर अब सरल बनाएका छन् ।

नेपालको यादवका मुख्य पेशा कृषि र पशुपालन नै हो । तर केही मानिस सा-सानो पसल व्यावसाय पनि गरेका छन् । विस्तारै-विस्तारै उनको ध्यान उद्योग व्यासाय गर्न तर्फ गएको छ । पुरुष यादवहरु सेना, पुलिस र प्राध्यपक भए तापनि महिला अहिलेपनि शिक्षाको मामिलामा पछि नै परेका छन् । विवाह शादी आ- आफ्नो शाखामा नै गरेको छ । अब केही समझदार यादवहरु अर्कौ शाखा पनि विवाह गर्ने गरेको छ । महिलामा घुङटो प्रथा पनि छ ।

यस समयमा नेपालको यादव राजनैतिक र सामाजिक चेतनामा अग्रसर रहेको छ । सन १९८८ मा पहिलो पटक स्मामी सुद्यानन्द योगीले नेपालको यादवसँग भेट गर्नुभएका थिए । डा. इश्वर नारायण यादव मनोनित सांसद थियो ,परन्तु ( जनतन्त्र) लोकतन्त्र आएपछि यस समयमा आठ नै सांसद एंवम जिल्ला प्रमुख थिए । जसमा केही व्यक्तिहरुको नाम यस प्रकारका छन् : सप्तरी जिल्लाको श्रीमीत रेणु यादव र श्री मृगेन्द्र सिंह यादव सांसद थिए।सिरहा जिल्लामा श्री राम चन्द्र यादव र श्रीमति चित्रलेखा यादव सांसद थिए । श्रीमती चित्रलेखा यादव नेपाल सांसदको जिल्ला इन्चार्ज वाजिल्ला प्रवक्ता पनि थिइन । धनुषाको श्री रामवरण यादव भू.पू. राष्ट्रपति पनि नेपालको पहिलो राष्टपति बनेका थिए ।महोत्तरी जिल्लाको महेन्द्र प्रसाद यादव सांसद सदस्य थिए । श्री महेन्द्र राय कम्यूनिष्ट पार्टीको सांसद बने । रामचन्द्र राय सर्लाहीको सांसद बने । लोकतन्त्र आएपछि पनि यहाँको यादवका सत्तामा पूर्ण सहभागिता गराइएको छैन । धेरै संघर्षको पछि केबल एक यादवका मन्त्री पद प्राप्त भएको थियो जसमा मात्रिका प्रसाद


यादवलाई वन मन्त्री बनायो । नेपालको २८-३० जिल्लाहरुमा उनीहरुका लगभग ८० लाख यादवहरुको जनसंख्या रहेका छन् । ( योगी स्वामी सुधानन्द,यादव ईतिहास, दिल्ली)

यादव नेपालको मधेशी जातिहरुमध्ये एक जाति हो । यस जातिको समग्रतालाई झल्काउने गरी प्रर्याप्त पुस्तकहरु प्रकाशित भएका छन् । यस अध्ययनमा उपलब्ध भएसम्मका यादव जातिको बारेमा प्रकाशित विविध पुस्तक , पत्र-पत्रिका ७३७ घरधुरीहरु भएकोमा यादव जातिको जम्मा १०० घरधुरी र कुल जम्मा संख्या २८०जना महिलार ३३१ जना पुरुषजनसंख्या रहेको छ । महिलाहरुको जनसंख्या तुलनात्मक रुपमा कम रहेको देखिन्छ । नगरपालिका गोलबजार २०७४ नामक पुस्तकमा उल्लेख भए अनुसार यादवहरु क्षत्रीय वर्गको जाति हुन् र तिनीहरको मुख्य पेशा कृषि खेतीपाती ,गाई, भैसी पाल्ने हाल परिवर्तन भई व्यवसाय , जागिर गर्ने अध्ययनले देखाएको छ । नेपाली समाजमा जातीय बनावट र यसले पारेको असरहरुका अध्ययनको क्रममा विष्ट (१९७२) द्वारा लिखित सबै जातको फुलवारी नामक पुस्तकमा बाहुन ,क्षेत्री लगायत नेपालका थुप्रै जनजातिको सामाजिक , आर्थिक तथा सांस्कृतिक पक्षको अध्ययन गरेका छन् । त्यसै गरी तल्लो तहमा अक्षुत जातिहरु जस्तै कामी , सार्की ,गाइने ,वादी, पाडी आदि पर्दछन् । यी जातहरू प्रवित्रता र अपवित्रताको अवधारणामा आधारित भएर छुट्एिका छन् । ब्राह्मण , क्षेत्री र ठकुरी हरुलाई पवित्र जाति ठानिन्छ भन्ने अक्षुतलाई अपवित्र ठानिन्छ । मधेशका अधिकांश क्षेत्रमा आर्थिक सामाजिक , शैक्षिक एवं राजनैतिक रुपमा पछि परेको तर दलित जनजातिको भूमिमा नपरेका तराईका पृथक-पृथक पहिचानका जात जातिहरु यादव , कुर्मी, कुम्हार , लोहार , केवर, कानु, कल्वार , तेली , भेरिहर, मालि, मुस्लमान, सैनि, सोनार ,हलुवाई , हजाम,अमात , जोगिया आदिलाई पिछडा वर्गको रुपमा राखि २०५५ सालमा नेपाल पिछडा वर्ग ( OBC ) महासंघको संसोधन विधान २०५५ नेपाल सरकार गृह मन्त्रालय अर्न्तगत जिल्ला प्रशासन कार्यलयका काठमाडौमा दर्ता गरेको छ जसले विभिन्न अधिकार प्राप्त गर्न आन्दोलनका कार्यक्रमहरु भएको दखिन्छ ।

यस मध्ये यादवले परम्परागत रुपमा भैसीपालन ,गाईपालन र कृषि खेती गर्ने कार्य गर्दै आइरहेको छन् । आर्थिक अवस्थामा अध्ययन गर्दै पिछडा वर्ग जात जातिहररु एकदमै कमजोर छन् । उनीहरुमा अझपनि अशिक्षा , सामाजिक कुरीति शोषण अधिकांश परिपक अहिले पनि पुर्खौली पेशामा नै मगन रहेको छन्

। तर हालमा यादव खेतीपाती गर्दा वैज्ञानिक ढङगबाट गर्ने गरीएको छैन । समय अनुसार बालीनालीमा औषधीजन्य पदार्थहरु प्रयोग गरी थौरे खेतीजन्य ठाउँमा बढी उत्पादन गर्न खोजी रहेका छन् । मेहनत गरे उत्पादन गरे अन्न बाली तथा सागसब्जी, दुध दही हाट बजारमा बिक्री वितरण गरी थौरै भएपनि आर्थिक सम्पन्ता तीर लम्कने प्रयास गरी रहेको देखिन्छ ।
पिछडा वर्गको शैक्षिक अवस्था ज्यादै नाजुक छ यादव जातिको शैक्षिक अवस्था पछिबाट सुधार हुदै आएको देखिन्छ ।राजनैतिक अवस्था हेर्दा अहिले पनि यादव जातजातिहरुका राजनीति र राज्यको शासन प्रशासन चलाउन कार्यको जिम्मेवारी बोध भए तापनि अंकुश लगाएका छन् ।

## २.३ अवधारणात्मक ढाँचा



माथिको तालिका अनुसार शोध अध्ययनमा समावेश गरिएको शोध शीर्षक अनुसार यादव जातिको सामाजिक,सांस्कृतिक तथा आर्थिक अवस्थालाई प्रमुख रुपमा लिइएको छ । यस अर्न्तगत उनीहरुको जन्म देखि मृत्युसम्म र मृत्युपश्चात् गरिने विभिन्न संस्कारहरु लवाई-खवाई , भेषभूषा परम्परागत मान्यता , रितिरिवाज , चाडर्पव शैक्षिक अवस्था , आर्थिक गतिविधि , वैवाहिक पद्धति आदिलाई समावेश गरिएको छ ।

यादवसमुदायमा विभिन्न परिवर्तनहरु आएको देखिन्छ । यस समुदायमा चल्दै आएको परम्परागत रितिरिवाज चाडपर्व, भेषभूषा र सांस्कृतिमा आधुनिकताको. प्रभाव बढ्दै गएको देखिन्छ । जसमा उनीहरुको शैक्षिक अवस्थामा पहिलेको तुलनामा सुदृढ भएको अर्थात् अशिक्षित बाट शिक्षित बढ्दै गएको र आर्थिक सम्पन्नतातिर लम्केको देखिन्छ । लवाई-खूवाईमा, पहिरनमा,आधुनिकताको साधान आदि मनोभावना बढेको महशुस पनि यस अध्ययनले देखाएको छ ।

## २.२.४ **सैदान्तिक मेल :**

कार्ल मार्क्सद्वारा विकसित गरिएको सिद्धान्तलाई मार्क्सवादी भनिए पनि विविध पक्षहरुको कारणले यसलाई अन्य ढङ्गले पनि परिभाषित गरिएको पाइन्छ ।

सामाजिक रुपान्तरणको क्रान्तिकारी सिद्धान्तको रुपमा लिइने मार्क्सवादी सिद्धान्तले समाजका हरेक पक्षका बारेमा भौतिकवादी दृष्टिकोणमार्फत अध्ययन गर्दछ । समाज,समाज निर्माणका तत्वहरु संस्कृति , भाषा ,धर्म, अर्थतन्त्र , साहित्य , कला व्यक्तित्वजस्ता पक्षहरुको निर्माण त्यहाँ विद्यमान आर्थिक पद्धतिले गर्दछ भन्ने कार्लमाक्सले आर्थिक पद्धतिलाई जग र अन्य पक्षहरुलाई त्यसको उपरी संरचना मान्दछन् । यदि जग परिवर्तन भयो भने उपरी संरचनामा आमूल परिवर्तन आउँछ ।

यसरी मार्क्सवाद समाज र संस्कृतिको विश्लेषणमा वैज्ञानिक दृष्टिकोण अवलम्वन गर्ने सामाजिक सिद्धान्त हो जसले हरेक पक्षको विश्लेषणमा बस्तुगत यथार्थताको प्रयोग गरी सकारात्मक- नकरात्मक दुवै पक्षहरुलाई स्वीकार गर्ने गर्दछ । द्वन्द्वात्मक भौतिकवादी अवधारणालाई समाज र सांस्कृतिको विश्लेषणमा प्रयोग गर्ने यो सिद्धान्तले समाजको वर्गीय चरित्रका वारेमा उल्लेख गर्दै वर्गसङ्घर्षले समाजको स्वरुपमा परिवर्तन गर्ने व्याख्या गर्दछ । मार्क्सवादले साम्यवादी समाजबाहेकका अन्य सम्पूर्ण समाजमा वर्गद्वन्द्व रहने र इतिहास भनेकै

वर्ग-सङ्घर्षको इतिहास भएको व्याख्या गर्दै हरेक समाजमा द्वन्द्व , परिवर्तन क्रान्ति आदि अपरिहार्य हुने मान्यता राख्दछ । यो सिद्धान्त समाजमा मात्र नभएर व्यक्ति , संस्कृति , आर्थिक पद्धति , राजनैतिक प्रणली , कला-साहित्य , दर्शन आदिको विश्लेषणमा पनि त्यतिकै महत्वपूर्ण मानिन्छ । समाजशास्त्रमा मार्क्सवादी समाजशास्त्रको अत्यन्तै महत्वपूर्ण स्थान रहीआएको छ जसले समाजको परिवर्तन अनिवार्य तर चरणबद्ध रुपमा हुने तथ्यलाई समाज विकासका चरणहरुमार्फत वैज्ञानिक ढङगले अध्ययन गर्दछ । त्यसैले यो सिद्धान्त उत्पतिदेखि हालसम्म सबैभन्दा उपयोगी र विवादस्पद सिद्धान्तको रुपमा रहन सफल भएको छ र नेपालको विश्लेषणमा पनि अत्यन्तै महत्वपुर्ण रहेको देखिन्छ । (खत्री,प्रा.डा.प्रेम कुमार)

नेपालकै इतिहासमा तथा विभिन्न राष्ट्रिय पार्टीहरुको इतिहासमा पहिलो पल्ट तराइको सर्वाधिक जनसंख्या भएको यादव समाजबाट क्रानितकारी प्रखर राजनीतिज्ञ प्रतिभाशाली तथा होनहार बीर योद्धा कामरेड मातृकाप्रसाद यादवलाई नेकपा(माओवादी) पार्टीले हाइ-कमाण्ड जस्तो शक्तिशाली टिममा वैकल्पिक पोलिटव्युरो सदस्यमा मौका दिई नेपाल र नेपालीको भाग्य निर्धारणको लागि सरकारसँग हुने वार्ता प्रक्रियामा आफ्नो वार्ता टोलीको सदस्यका रुपमा सहभागी गराई राष्ट्रिय नेतृत्व प्रदान गर्न अविष्मरणीय मौका प्रदान गरेकामा सो पार्टी एंवम तिनका सर्वोच्च का. प्रचण्ड तथा का. भट्टाराई लाई हार्दिक धन्यवाद दिदै का.मातृकाको उत्तरोत्तर प्रगतिको  कामनाका साथ शान्तिवार्ता सफलताको लागि सबै नेपाली दाजुभाई, दिदीबहिनीसँगै यो सोसाइटी पनि  हार्दिक शुभकामना व्यक्त गर्दछ।

यो कति दुभाग्यको कुरो हो की जुन देशमा ( नेपालमा) यादवहरु सयौं वर्षसम्म राज्यसत्ता चलाए , त्यही देशमा उनीहरु आफ्नो अस्तित्वको लागि सङर्घरत छ यसर्थ हामीहरु संगठित हुनुपर्दछ । शिक्षित बन्नु पर्दछ । हाम्रो समाजमा विद्यमान कुरिति र कुसंस्कारहरलाई निराकरण गरिनु पर्छ । एक अर्कामा सहयोगको भावना विकसित गर्नुपर्छ ।

जाति संगठनहरु कुनै पनि राजनीतिमा मुछिनु हुँदैन । जुन सुकै सिद्धान्त र विचारका व्यक्तिहरु पनि जातीय आधारमा एउटै संगठनमा आवद्ध भएर आफ्नो जातिको विकासमा  ठूलो टेवा पुऱ्याउँन सक्छन् र भोली राष्ट्रकै बिकासमा ठूलो मद्दत पुग्दछ  । यादव स्टुडेण्ट वेलफेयर सोसायटी यस्तै उद्देश्यले अभिप्रेरित भएर खोलिएको हो ।

हिन्दुहरुका अराध्यदेव भगवान् राम र कृष्ण हाम्रा धर्म र संस्कृतिका धरोहर व्यक्तित्व हुन । द्वापर युगमा सर्वत्र अन्याय , असमानता र कुटिलता फैलिएको बेलामा यसलाई निर्मुल पार्न श्री कृष्णको अवतार भएको हो । न्याय ,समानता र प्रजातन्त्रका लागि श्रीकृष्णले कंश जरासन्ध, शिशुपालदेखि लिएर कुरुवंशका महारथीसँग लडी उनीहरुलाई संहार गरेको , गराएको तथ्य हाम्रो इतिहासले बताउँछ । हामीले यो दिनलाई न्याय, समानता र प्रजातन्त्र प्राप्तिको लागि प्रेरणा श्रोतको रुपमा लिनु नै ज्यादा सान्दर्भिक देखिन्छ ।

भगवान् श्रीकृष्णको मुखार विन्दबाट निस्किएको अद्‌भुत ग्रन्थ गीता कर्म नै पूजा हो , तिमीलाई कर्म गर्ने अधिकार छ, त्यसकारण कर्म गर भनेर सिकाउने गीता ग्रन्थले मानिसलाई मेहनतीर जाँगरिलो बनाएको छ । सत्य र न्यायको लागि थालिएको महाभारत युद्ध अन्ततः गीता कै प्रेरणबाट प्रज्वलित भएको थियो । यस महान् ग्रन्थले कर्म गर्ने प्रेरणा दिएर अलमलिएका मानिससम्मलाई ज्ञानको प्रकाश फिजाँएको छ । त्यसकारण हामी पनि शान्त मनले गीता ग्रन्थको नमन गरौ ।

जहाँ शोषण ,दमन, अत्याचार र भ्रष्टाचारको विगविगी हुन्छ , त्यहाँ कृष्णको नायकत्वमा महाभारत युद्धको थालनी हुन्छ । यो युद्ध द्वापरमा मात्र होइन , उत्पीडन, शोषण र आतंक रहुन्जेल हरेक युग र कालमा भइरहने हो । त्यसकारण युद्धको विभिषिकाबाट बचन दुष्कर्म गर्नेहरले इतिहासबाट शिक्षा लिए पुग्छ । (श्रीकृष्ण स्मारीका ,काठमाडौ)

मार्क्सवादले सामाजिक परिवर्तनलाई सर्वव्यापि नियम ठान्दछन् ।समाजमा देखिएका विभेद अन्तरविरोध विभेदका कारण परिवर्तन अनिवार्य रुपमा हुने गर्दछ , भन्ने मान्यता राख्ने गर्दछ। इस शोधपत्रमा पनि हिन्दु धार्मिक संस्कारले यादव जाति यस्तो विभेदयुक्त सामाजिक परिवेशमा केकस्तो अवस्थामा रहिरहेका छन् ? यिनीहरुको परिवर्तनको अवस्था केकस्ता छ ? अन्य जातिहरुले यिनीहरुका वारेमा हिजोका भन्दा आज केकस्तो धारणा बनाउँदै गइरहेका छन् सो का विषयमा हेर्न खोजिएको छ ।

# अध्याय -तीन

## अनुसन्धान विधि

यस अध्ययनको लागि अपनाइएको अनुसन्धान ढाँचा , अध्ययन क्षेत्रको छनौट , तथ्याङ्क संकलन विधि तथा तथ्याङ्क विश्लेषण निम्न अनुसार गरिएको छ :-

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान कार्यको तार्किक योजना तथा व्यवस्थित निर्देशन नै अनुसन्धान ढाँचा हो । प्रस्तुत अध्ययनको उद्देश्य अनुसार यादव जातिको धर्म , परिवारिक वनावट , चाडपर्व ,भेषभुषा , आर्थिक , गतिविधि जस्ता समाजिक साँस्कृतिक पक्षहरु सम्बनिधत तथ्याङ्क संकलन र विश्लेषण गरि वास्तविकताको खोजि गर्नका लागि विश्लेषनात्मक , अनुसन्धान ढाँचाको प्रयोग गरिन्छ । वर्णात्मक अनुसन्धान ढाँचाले संकलित सूचना , तथ्याङ्क तथा जानकारीहरु संख्यात्मक रुपमा प्रस्तुत गर्न सहयोग गर्दछ ।

## .३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य

यस यादव जातिको समाजशास्त्रीय अध्ययनका लागि गोलबजार नगरपालिकालाई नै अध्ययन क्षेत्रको छनौटको रुपमा लिइनुका कारणहरु यस प्रकार छन् :-
यादव जातिको बसोवास प्राय : सबै जिल्लाहरुमा भएको भए तापनि सिरहा जिल्लामा रहेको अन्य क्षेत्रको तुलनामा यस गोलबजार नगरपालिका वार्ड नं. - ८ मा केही बढी नै यादवहरु बसोवास गर्दछन् । यस क्षेत्रमा यादव ,कुर्मी, साह,तेली, बनिया, मण्डल , मुसहर , चमार , भ्काङ्गर,ब्राहमण , गुप्ता ,हलुवाई थापा, आदि जातिहरुको बसोवास गरिरहेको भएतापनि यो स्थानको यादवहरुको वारेमा कसैले पनि अध्ययन अनुसनधान नगरेको तथा अध्ययनकर्ता त्यस

स्थानको यादवहरुको सामाजिक सास्कृतिक तथा आर्थिक अवस्थासँग विशेष रुपले परिचित भएको कारणले गर्दा अध्ययनको लागि सो स्थान छनौट गरिएको हो ।

## ३.३ तथ्याङ्क स्रोत तथा प्रकृति

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नका लागि त्यससँग सम्बन्धित सामग्रीहरुको नितान्त आवश्यकता पर्दछ । सामग्री विना अध्ययन कार्य अधुरो हुनुको साथै लक्ष्य प्राप्तिमा कठिनाई आउन सक्छ । त्यसैले यो अध्ययनमा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत अन्तरवार्ता , अवलोकन आदिबाट अध्ययनको लागि चाहिने आवश्यक जानकारी तथा तथ्याक सङकलन गरिएको छ । द्वितीय स्रोत अन्तगर्त केन्द्रिय तथ्याङ्क विभागको अन्य सरकारी तथा गैरसरकारी निकाय नगरपालिकाबाट प्राप्त अभिलेख आदिलाई लिइएकोछ । बिभिन्न लेखकहरले लेखेको पूर्व प्रकाशित पुस्तकहरु पनि द्वितीय स्रोतको रुपमा लिइएको छ ।

## ३.४ अध्ययनको समग्रता र नमूना छनौट

यस अध्ययन क्षेत्र भित्र विभिन्न जनजातिहरु बसोवास गरिरहेका भएतापनि यादव जातिको सामाजिक ,सांस्कृतिक तथा आर्थिकअवस्थाको वारेमा सूचना सङकलन गर्न नमूना छनौट प्रकिया अवलम्वन गरिने छ। जस अन्तर्गत १०० घरधुरीका ३५% महिला र पुरुष ६५ % उद्देश्यात्मक नमूना छनौट रुपमा लिइएको छ । जसमा समान्य प्रश्नोत्तरको माध्यमबाट घरपरिवारका महिलाहरु पुरुषसँग प्रश्नवलीको प्रयोग गरी तथ्याङ्क सङकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका विधि तथा उपकरणहरु

अध्ययन अनुसनधानलाई आवश्यक पर्ने महत्वपूर्ण तथ्याङ्क प्राप्त गर्नको लागि निम्न लिखित विधिहरु अपनाएका छन् । जसले अनुसन्धानलाई यर्थात धरातलमा लान मद्दत पुगोस् । कुनै पनि विषयको अध्ययन सम्पन्न गर्नको लागि विभिन्न किसिमको अनुसन्धानका चरणहरुको बारेमा

यर्थात जानकारी हुनु पर्दछ । अन्यथा अनुसन्धानले मुल रुप लिन सक्दैन । त्यसैले यस अध्यायमा अध्ययन क्षेत्र छनौटको औचित्य , अनुसन्धानको ढाँचा , तथ्याङ्कको प्रकृति , स्रोत नमूना सर्वेक्षण , तथ्याङ्क संङकलनका विधिहरु र तथ्याङ्क विश्लेषण विधिको वारेमा छलफल गरीएको छ जसको मद्दतबाट यो अध्ययनलाई तथ्याक विश्लेषणको आधारमा पूर्णता दिन सकिन्छ।

### ३.६ प्राथमिक स्रोत अर्न्तगत

### ३.६.१ अन्तर्वाता

सूचनादाताहरुसँग प्रत्यक्ष भेटी प्राथमिक तथ्याङ्क सङकलन गर्ने एक महत्वपूर्ण विधि अन्तर्वाता हो । यो एउटा महत्वपूर्ण आमुन्नेसामुन्ने  सामुन्य विधि हो । यसले शोधकार्यलाई वास्तविकताको नजिक लैजान यहाँको सामाजिक तथा आर्थिक परिवेशको  स्थिति पहिल्याउन सांस्कृति मूल्य र मान्यता , परिवारीक , निर्णय एवंम संरचना आदिको बारेमा जानकारी लिनको लागि यस विधिको प्रयोग गरिएको छ । जस अन्तर्गत यस समुदायका महिलाहरु तथा पुरुषहरुसँग प्रत्यक्ष अन्तर्वाताको माध्यमबाट प्रश्नहरु सोधी यस जातिको विगत , वर्तमान र भविष्यको सामाजिक ,सांस्कृतिक तथा आर्थिक अवस्थाको जानकारी थाहा पाउनको लागि यो विधि प्रयोगमा ल्याइएको छ ।

### ३.६.२ अवलोकन

शोधकर्ता घटना स्थलमा आफै उपस्थित भई सम्बन्धित घटनालाई यथास्थिती मै व्यवस्थित किसिमले निरीक्षण गरि तथ्याङ्क सङकलन गर्ने प्रविधि नै अवलोकन हो । अन्तर्वाताको माध्यमबाट आउन नसकेका गोप्य तथ्याङ्क र उत्तरदाताले भन्न नचाहेका कतिपय व्यक्तिगत कुरा र विचारहरुको तथ्याङ्क संकलन गर्न यो विधिको प्रयोग गरिएको छ । जस अन्तर्गत अध्ययनकर्ता स्वंयम अध्ययन क्षेत्रमा गई त्यहाँका बासिन्दाहरुको रहनसहन रीतिरिवाज , संस्कार , चाडपर्व , विवाह , ब्रतबन्ध , खानपिन , घरका आकार प्रकार लगाएत अन्य सामाजिक

सांस्कृति तथा आर्थिक कृयाकलापहरु अवलोकन गरी यस शोधमा समावेश गरिएको छ । जुनकार्यको लागि विशेष गरेर विहान र राती समयलाई प्राथमिकतामा राखिएको पाइन्छ।

### ३.६.३ जानकार व्यक्तिसँगको अन्तर्वाता

यस अध्ययन क्षेत्रका यादवहरुको ऐतिहासिक पृष्ठभूमि, धर्म , संस्कार ,परम्परा, समग्र संस्कृति, सामाजिक तथा आर्थिक अवस्थाको यर्थाथ जानकारी लिने क्रममा सम्बन्धित क्षेत्रमा अवस्थित विभिन्न जानकार व्यक्तिसँग प्रश्न सोधी तथ्याङ्क संङकलन गरिएको छ । यस क्रममा त्यस ठाउँमा काम गर्दै आएका शिक्षक वडा अध्यक्ष , नगरपालिका जनप्रतिनिधिहरु , बुद्धिजिवी , व्यापारी, सरकारी सेवामा रहेका र पेन्सन भई बसेका व्यक्तिहरु उच्च शिक्षा हाँसिल गर्दै आएका विद्यार्थी सार्थीहरु , किसान लगायत गाउँका अन्य मानिसहरुसँग सम्पर्क गरी जम्मा १३ जना व्यक्तिहरुसँग तथ्याङ्क लिइएको हो ।

तथ्याङ्क संङकलन गरिएको पश्चात तथ्याङ्कलाई साधारण किसिमको तालिका द्वारा प्रस्तुत गरिएको छ । यस शोधकर्तामा प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त भएका सूचनालाई विभिन्न तालिकामा गुणत्मक , संख्यात्मक र वर्णात्मक आधारमा तथ्याङ्कको विश्लेषण गरिएको छ । गाँउको भौगोलिक अवस्था , परिवारिक बनावट , घरहरुको अवस्था , चाडपर्व , सरसफाई आदिलाई वर्णानात्मक रुपमा विश्लेषण गरिएको छ । विभिन्न किसिमका सूचना जस्तै विवाह , शैक्षिक अवस्था , जनसंख्या आदि लाई वर्णात्मक र तथ्याङ्कीय तरबाट विश्लेषण गरिएको छ ।

## ३.७ द्वितिय स्रोत

द्वितिय स्रोत अन्तगर्त तथ्याङ्कहर विभिन्न प्रकाशित तथा अप्रकाशित सन्दर्भ सामग्रीहरु जस्तै राष्ट्रिय जनगणना, गोलबजार नगरपालिका , पुस्तक , पत्रपत्रिका, एफ.एम रेडियो र शोध ग्रन्थहरु तथा अन्य सामाजिक संघसंस्थाहरुबाट लिइएको अध्ययन अनुसन्धानलाई संङकलन गरिएको छ ।

प्राथमिक तथा द्वितिय स्रोतबाट संङकलित तथ्याङ्कहरुलाई आवश्कता अनुसार सम्पादन र तालिकीकरण गरिएको छ । अन्तर्वाता , अवलोकन तथा द्वितीय स्रोतबाट संकलित भएका

तथ्याङ्कहरुलाई संख्यात्मक र गुणात्मक रुपमा विश्लेषण गरिएको छ । संख्यात्मक तथ्याङ्कहरुलाई आवश्यकता अनुसार तालिकामा प्रस्तुत गरिनुका साथै प्रतिशतको प्रयोग गरी विश्लेषण गरीएको छ । गुणात्मक तथ्याङ्कहरुलाई कारण र प्रभावको आधारमा व्याख्या गरी विश्लेषण गरीएको छ । तथ्याङ्कलाई विश्लेषणको क्रममा विभिन्न उप शर्षिकमा विभाजन गर्दै व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ । स्थलगत रुपमा तयार पारिएको सङकलित तथ्याङ्कलाई विषय बस्तु अनुसार तालिका एंवम रेखा बनाई विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ । संख्यात्मक रुपमा प्राप्त तथ्याङ्कलाई अंकगणितीय विधिद्वारा प्रतिशत निकाली विश्लेषण गरिएको छ । विश्लेषण गरेर निकालेका तथ्यगत कुराहरुलाई वर्णात्मक शैलीमा प्रस्तुत गरीएको छ ।

## ३.८ तथ्याङ्कको विश्वसनीयता तथा वैधता

यस शोध अध्ययनमा समावेश गरिने सम्पूर्ण तथ्याङ्कहरु अनुसन्धानकर्ता आफै उत्तरदाताहरुको घर देलोमा पुगेर स्पष्ट सलग्न भएको हुनाले यो तथ्याङ्कहरु विश्वसनिय छन भने मान्न सकिन्छ । साथै यस अध्ययनमा प्रयोग गरिने सिद्धान्त तथा विधिहरु वैज्ञानिकता परिक्षण भइएकोले हुनाले विश्वसनिय एंवम् वैधता छ भन्न सकिन्छ । यसमा संलग्न गरिएका सबै तथ्याङ्कहरु सरकारी निकायद्वारा प्रकाशित प्रतिवेदन अनुसार राखिएको हुदा तथ्याकहरु वैध छन् । सम्बन्धित क्षेत्रका सामाजिक तथा राजनैतिक कार्यकर्ता , बुद्धिजिवी , समाजसेवी लगायतका मानिसहरु साथै विभिन्न लेख र रचना , पत्रपत्रिका आदिमा प्रकाशित तथ्याकहरु समेत समावेश भएको हुनाले यो अध्ययन विश्वसनीय छ ।

## ३.९ नैतिक आचरणको पालना

हरेक अनुसन्धानमा नैतिक मूल्य मान्यताको ठूलो महत्व हुने गर्दछ । हरेक समाजका आफ्नै किसिमका मूल्य मान्यताहरु हुने गर्दछन् । कतिपय पक्षहरु गोपनीयता कायम गर्नु पर्ने हुन सक्दछन् । यस अध्ययनमा नैतिक मूल्य मान्यताको ख्याल गर्दै पक्षपातबाट टाढै रहेर

गोप्यताका कुराहरुलाई असर नपर्ने गरी अनुसन्धानकर्ताले अघि बढाएको छ । यसका साथै उत्तरदाताहरुलाई उद्देश्य स्पष्ट पारेर आपसी सामझदारीका आधारमा मात्र प्रश्नहरु सोधिएको छ । उत्तरदाताहरुको गोप्यनीयतामा चोट पुग्न सक्ने जस्ता कुराहरुलाई उल्लेख गरिएको छैन । उत्तरदाताहरुको इच्छा विपरीत जवर जस्ती सूचना दिन बाध्य परिएको छैन । उत्तरदाताको सहभागितामा मात्र सुचना संकलन गरिएको छ । गोपनीयताको सुरक्षा गरिएको छ र फोटो लिँदा उत्तरदातालाई पूर्ण जानकारी दिई मात्र लिएको छ । अनुसन्धानको प्रारम्भिक रचना देखि तथ्याक संकलन रिर्पोट , निष्कर्षमा  कुनै पनि कुरा विवरण प्रस्तुत नगरिएको हुनाले यो अनुसन्धानमा नैतिक आचरणलाई जोड दिइएको छ ।

# अध्याय : चार

# तथ्यांक प्रस्तुति तथा विश्लेषण

## ४.१ अध्ययनको क्षेत्रको परिचय

### ४.१.१ भौगोलिक परिचय

यादव जातिको साँस्कृतिक तथा आर्थिक अवस्थाको अध्ययन गर्नको लागि सिरहा जिल्लामा अध्ययन क्षेत्र रहेको छ । यो जिल्ला देशको राजधानी काठमाडौंबाट करिब २४३ कि.मि. पूर्वमा पर्दछ । प्रदेश नं. २ का राजधानी जनकपुर देखि ४० कि.मि. पूर्व पर्दछ । नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर मध्ये १२२८ वर्ग किलो मिटर क्षेत्रफल ओगेटेको छ । सिरहा जिल्ला उत्तरी आक्षांश २६'३३° देखी २६'५५° र पूर्वी देशान्तर ८६'६° देखि ८६'२६° पूर्वमा अवस्थित छ । यस जिल्लाको उचाँई समुन्द्र सतह देखी ७६ मिटर दक्षिण देखि ८८५ मी. उत्तर सम्म रहेको छ भने औषत लम्बाई ( पूर्व पश्चिम) ४२.४ कि.मी. र औषत चौडाई (उत्तर दक्षिण ) र ९.७ कि.मीटर रहेको छ । पूर्वमा सप्तरी जिल्ला बलान नदी र पश्चिमा धनुषा जिल्ला कमला नदी , उत्तरमा उदयपुर जिल्ला (चुरेपहाड ) र दक्षिणमा भारतको विहार प्रदेश संगै जोडिएको छ । यो जिल्ला प्राकृतिक रुपमा समथर भएपनि उत्तरी भेगमा उच्च पाखो जमीन छ र दक्षिण क्षेगमा होचो जमिन रहेको छ । यस जिल्लामा ४ निर्वाचन क्षेत्र , ८ नगरपालिका, ९ गाँउपालिका २ जिल्ला अस्पताल ७ हेल्थ पोष्ट्र रहेको छन् । यस जिल्लाको ऐतिहासिक विशेषताको रुपमा सल्हेश फुलबारी , मानिक दह, आकाश गंगा, कमलदह, पतारी पोखरी राजा मैसौथा सास्वर महादेव मँठ आदि लाई लिन सकिन्छ ।

गोलबजार नगरपालिकाले प्रकाशित गरेको पहिलो दस्ताबेज अनुसार १११.९४ वर्ग कि.मी. जग्गा गोलबजार नगर पालिकाको जनसंख्या ५२१३७ रहेको छ ।जस मध्ये वडा नं. - ८ मा ७३७ घरधुरी रहेको छन् । यो जिल्लामा उष्ण मौसमी हावा पानी पाइन्छ । तराई प्रदेशमा अवस्थित यस नगरपालिकाको गर्मीयाममा यहाँको औसत ताफक्रम अधिकतम ३४.८ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा औषत न्युनतम ८.८ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस नगरपालिकाको औसतबर्षा १२७० मि.मि. र औसत सापेक्षित आद्रता ५० प्रतिशत रहने गर्दछ । नगरपालिकाको अधिकांश वर्षा मनसुनी हावाले ल्याउँछ । जुन जेष्ठ महिनाको अन्तिम तिर सुरु भई असोज महिना सम्म रहन्छ ।

यस वार्ड नं. ८ गोलबजार नगरपालिकामा खेतीबारी , घडारी , बाटो , जंगल , नदी ,नाला गरी २.८५ वर्ग कि.मी जमिन  रहेको छ। यहाँका जन्ताको मुख्य पेशा कृषि नै तर अहिले केही जनताहरु साना , मझौला, व्यापार तिर उन्मुख भएको देखिन्छ। मुख्य बालीमा धान, तरकारी , उखु र सागपात गँहु रहेको छन्। यस वाडमा एक नि.मा.वि. र एउटा उच्च मा.वि. रहेको छ।

### ४.१.२ जनसंख्या

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने २९२६ कुल जनसंख्या मध्ये १५६२ अर्थात ५३.३८ प्रतिशत पुरुष र १३५२ अर्थात ४६.४ महिला र १२ अर्थात ०.४१ प्रतिशत अन्य उलेखन नभएको छन् भने उक्त जनसंख्या जम्मा ७३७ घरधुरीमा  बसोबास गर्दछन् । यस वडामा रहेको जनसंख्या मध्ये पुरुषको  भन्दा महिलाको संख्या २१० जनाले कमी रहेको छ।

यस वडामा बसोबास गरिरहेको जनसंख्यालाई निम्न अनुसार उमेर समूहमा वर्गीकरण गरिएको छ।

**तालिका नं. १जनसंख्या विवरण**

| क्र.स. | उमेर समूह | पुरुष | महिला | अन्य उल्लेख नभएको | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ०-१० वर्ष | १०४ | ५१ | ४ | ५९ | ५.४३ |
| २ | ११- १५ वर्ष | २३ | १४ | २ | ३९ | १.३३ |
| ३ | १६-२० वर्ष | ४६ | २६ | २ | ७४ | २.५३ |
| ४ | २१-२५ वर्ष | ५१ | २९ | १ | ८१ | २.७७ |
| ५ | २६-३० वर्ष | ४८ | ४२ | ० | ९० | ३.०८ |
| ६ | ३१-४० वर्ष | ११० | १०८ | ० | २१८ | ७.४५ |
| ७ | ४१-५० वर्ष | ९३ | ८२ | १ | १७६ | ६.०१ |
| ८ | ५१-६० वर्ष | ६७ | ४३ | २ | ११२ | ३.८३ |
| ८ | ६० भन्दा माथि वर्ष | १०२० | ५९७ | ० | १९७७ | ६७.५७ |

स्रोतः गोलबजार नगरपालिका २०७५ सर्वेक्षण

माथिको  तालिका अनुसार यस वडामा बसोबास गर्ने कुल जनसंख्या मध्ये ०-१० वर्ष उमेर समुहका ५.४३ प्रतिशत र ११- १५  वर्ष सम्मका उमेर समूहको जनसंख्या कुल जनसंख्याको १.३३ प्रतिशत रहेको देखिन्छ । त्यस्तै गरी १६-२० वर्ष सम्मको उमेर समूहका जनसंख्या २.५३ प्रतिशत रहेका छन् । २१-२५ वर्ष सम्मका जनसंख्या कुल जनसंख्याको २.७७ प्रतिशत  रहेको छन् । २६-३० वर्ष सम्मको उमेर समूहका जनसंख्या ३.०८ प्रतिशत रहेको छन् । ३१- ४० वर्ष सम्मको उमेर समूहका जनसंख्या ७.४५ प्रतिशत रहेको छन् । ४१- ५० वर्ष सम्मको उमेर समूहका जनसंख्या ६.०१ प्रतिशत रहेको छन् । ५१- ६० वर्ष सम्मको उमेर समूहका जनसंख्या ३.८३ प्रतिशत रहेको छन् ।  ६० वर्ष भन्दा बढी सम्मको उमेर समूहका जनसंख्या कुल जनसंख्याको ६७.५७  प्रतिशत अर्थात् १९७७ जना रहेको छन् । यसरी हेर्दा ६० वर्ष देखि माथि वर्ष समूहका बढी जनसंख्या अर्थात ६७.५७ प्रतिशत रहेको पाइयो । जुन समुहलाई आर्थिक विकासको दृष्टिकोणले निश्क्रिय जनसंख्याको रुपमा हेर्न सकिन्छ ।

### ४.१.३ जातजाति :

यस वडामा प्राचीन समय देखि नै विभिन्न विछडा वर्गहरु एक आपसमा मिलेर बसोबास गरेको देखिन्छ । यँहा विभिन्न पेशा , धर्ममा लागेका मानिसहरु बसोबास गरेको पाइन्छ । यर्थात बहुभाषिक, बहुधर्म र बहुजातीहरुको बसोबास रहेको पाइन्छ । यहाँका मानिसहरु विशेष गरी हिन्दु र केही बोद्ध र क्रिश्चियन , मुस्लिम धर्मबाट प्रभावित रहेका छन् ।  यहाका विविध जातिहरुले आपनाएको धर्मको आधारमा संख्या हर्ने हो भने सबैभन्दा बढी हिन्दु धर्म , थोरै मात्रामा बोद्ध धर्म  र केही मात्रामा क्रिश्चयन, मुस्लिम  धर्मको अनुसरण गर्नेहरुको संख्या रहेको पाइन्छ  ।

यस वडामा विविध जातिहरुको संगम स्थलको रुपमा रहेको छ । यस गाँउमा प्रमुख जातिहरुमा यादव, कुशवाहा , मण्डल (धानुक) चमार ,मुसहर,धनुक,तामङ्ग , मगर, थापा ,धमला , कार्की, बस्नेत ,तत्मा,सुडी,तेली लामा ,सार्की,ठाकुर , लोहार ,मुस्लिम,उराउ  ब्रही आदी जाति रहेको छन् । यो जातिहरुको आ- आफ्नै छुटटा छुटै भाषा,धर्म र साँस्कृति भएतापनि यीनीहरु

एक आपसमा मिली जुली सहयोग र सदभावका साथ विवाह ब्रत बन्ध , मृत्यु संस्कारको भोज भतेरमा पनि संगै खानपिन चलन रहेको पाइन्छ ।

यस वडामा जम्मा ७३७ घरधुरीहरु रहेकोमा यादव जातिको घरधुरी १०० र अन्य सबै जातजातिहरुको संख्या ६३७ घरधुरी संख्या निम्न अनुसार दुई भागमा हेर्न सकिन्छ ।

**तालिका नं. २**

**जातजातिको घरधुरी संख्याको विवरण**

| क.सं | जातिको विवरण | परिवार संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | यादव | १०० | १३.५७ | |
| २ | अन्य | ६३७ | ८६४३ | |
| जम्मा | | ७३७ | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

माथिका तालिका नं. २ बाट पनि स्पष्ट हुन्छ कि यस वडामा सबै जातिहरुको एक समुहमा राखेतापनि ८६.४३ प्रतिशत रहेको छ भने यादव जातिको संख्या १३. ५७ प्रतिशतले बाक्लो संख्यामा बसोबास गरेको पाइयो ।

## ४.२ यादव जातिको सामाजिक स्थिति

### ४.२.१ यादव जातिको जनसंख्या

हाम्रो देशमा विभिन्न जातजाति , भेषभूषा र भाषाका मानिसहरुको बसोबास छ । जसमध्ये यादव जाति पनि एक हो । यादवहरु नेपालका पौरानिक र प्राचीन बासिन्दाहरु हुन् । यसको सम्बन्ध श्री कृष्ण भगवानसँग छ । यस जातिले नेपालको कुल जनसंख्याको ४.१ प्रतिशत स्थान ओगेटोको छ । तराईमा यसको जनसंख्या बढी नै छ । (श्रीकृष्ण स्मारिका पेज नं २९ )

यस गोलबजार नगरपालिका वडा नं. ८ मा यस अध्ययनको लागि नमूना छनौट गरीएका यादवहरुको जनसंख्यालाई निम्नानुसार  तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं.३ :यादवहरुको टोलअनुसारको जनसंख्या**

| क्र.स. | गाँउ | परिवारको संख्या | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | शंकर टोल १ वडा | ३ | ९ | ९ | १८ | २.९५ |
| २ | भगवती टोल ऋम्इ ५ वडा | १ | २ | ३ | ५ | ०.८२ |
| ३ | चन्द्रलालपुर ६ यादव टोल | ५२ | १२६ | १६३ | २८९ | ४७.३० |
| ४ | हुसेनी टोल वडा नं. ८ | ३६ | १२१ | १३७ | २५८ | ४२.२३ |
| ५ | भाइजीटोल चन्द्रलालपुर ९ | ८ | २२ | १९ | ४१ | ६.७१ |
| जम्मा | | १०० | २८० | ३३१ | ६११ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

माथिको तालिका अनुसार गोलबजार न.पा वडा नं. ८ को केबल ५ पाच वटा टोलमा यादव जातिको बसोबास भएको देखिन्छ । शैकरटोल साविक चन्द्रलालपुर १ ३ घरधुरी भगवतीटोल ( सि.डि.यो टोल चन्द्रलालपुर ५ मा १ घरधुरी , चन्द्रलालपुर ६ यादव टोलमा ५२ घरधुरी , हुसेनी टोल वडा नं. ८मा ३६ घरधुरी , भाइजीटोल चन्द्रलालपुर ९ मा ८ घरधुरी गरि १०० घरधुरी यादव जातिको रहेका छन् । त्यस्तैगरी टोलगत रुपमा यादव जातिको जनसंख्याको विवरण लाई हेर्ने हो भने कुल जनसंख्याको २.९५ प्रतिशत शंकर टोल १ वडामा बसोबास गरेको ०.८२ प्रतिशत , भगवतीटोल ( सि.डि.यो टोल चन्द्रलालपुर ५ मा ,४७.८२ प्रतिशत चन्द्रलालपुर ६ यादव टोलमा बसोबास गरेको , ४२.२२ प्रतिशत , हुसेनी टोल वडा नं. ८ बसोबास गरेको देखिन्छ र भाइजीटोल चन्द्रलालपुर ९ मा ६.७१ प्रतिशत जनसंख्या बसोबास गरेको देखिन्छ ।

यादव जाति परिवारमा भएका विभिन्न उमेर समूहका जनसंख्यालाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ४उमेर अनुसार यादवहरुको संख्या विवरण**

| क.स. | उमेर | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ०-५ वर्ष | ५५ | ९० | ४५ | ७.३७ | १०० | १६.३७ |
| २ | ६- १४ वर्ष | ५४ | ८.८४ | ५५ | ९.०० | १०९ | १७.८४ |
| ३ | १५-५९ वर्ष | १९९ | ३२.५७ | १५९ | २६.०२ | ३५८ | ५८.५९ |
| ४ | ६०-७० वर्ष | २२ | ३.६ | २० | २.२८ | ४२ | ६.८७ |
| ५ | ७१ भन्दा माथी | १ | ०.१६ | १ | ०.१६ | २ | ०.३३ |
| जम्मा | | ३३१ | ५४.१७ | २८० | ४५.८३ | ६११ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

माथिको तालिकामा देखाए अनुसार ०-५ वर्ष उमेरका जनसंख्या कुल जनसंख्याको १६.३७ प्रतिशत ६-१४ वर्ष उमेरका जनसंख्या कुल जनसंख्याको १७.८४ प्रतिशत १५-५९ वर्ष उमेरका जनसंख्या कुल जनसंख्याको ५८.५९ प्रतिशत ६०-७० वर्ष उमेरका जनसंख्या कुल जनसंख्याको ६.८७ प्रतिशत र ७१ वर्ष देखि माथिका उमेरका जनसंख्या कुल जनसंख्याको ०.३३ प्रतिशत रहेको पाइयो भने ९५ वर्षको उमेर समूहका एक जना महराजी देखियो ।

यस तालिकाबाट के स्पष्ट पनि हुन् भने ०-५ वर्ष उमेर समुहको जनसंख्यालाई शिशु र ६-१४ वर्ष उमेर समूहका जनसंख्यालाई आर्थिक उर्पाजन गर्न नसक्ने र उत्पादक जनसंख्याको रुपमा समेत लिन सकिन्छ भने १५-५९ वर्ष उमेरका समुहका जनसंख्यालाई आर्थिक उपार्जन गर्न सक्ने र उत्पादक जनसंख्याको रुपमा लिइन्छ । त्यसै गरी ६०-७० वर्ष र ७१ वर्ष भन्दा माथिका उमेर समुहका जनसंख्यालाई आर्थिक क्रियाकलापमा निश्क्रिय वा आर्थिक उपार्जन गर्न नसक्ने जनसंख्याको रुपमा लिइन्छ । यसरी हेर्दा आर्थिक उपार्जन गर्न सक्ने जनसंख्या भनेको कुल जनसंख्याको ५८.५९ प्रतिशत जनसंख्या मात्र देखिन्छ । जसले आर्थिक उपार्जन गर्न नसक्ने ६.८७ र ०.३३ प्रतिशत जनसंख्यालाई समेत पालन पोषण गर्नु पर्ने देखिन्छ ।

माथि देखाइएको तालिकाबाट के पनि देखिन्छ भने यस जातिका मानिस सरदर आयु ठीक -ठीकै रहेको देखिन्छ । किनभने ९५ वर्ष भन्दा बढी उमेरका जनसंख्या कुल जनसंख्याको तुलनामा न्युन देखिन्छ । जसको कारणबाट कम उमेर नै यस जातिका व्यक्तिहरुले घरमुलीको दायित्व सम्हाल्नु परेको देखिन्छ ।

### ४.२.२ घरको बनावट

बास स्थान हरेक मानव सामुदायको नियमित आवश्यक रुपमा रहेको हुन्छ । मानिस सामाजिक चेतनाशील प्राणी हुन् । नेपालकै पनि शहरी क्षेत्रमा मीमकाय महलहरु बनाउने होडबाजी चले पनि ग्रामीण क्षेत्रमा बस्ने जनजातिले (जातजाति) घाम, पानी, जाडो , गर्ने अशिना , हुरी आदी जस्ता प्रकृति प्रकोपबाट बाच्नको निमित्त आफ्ना औकात , क्षमता पूजी अनुसारको घर बनाई दैनिक जीवनयापन गुजारा गर्दै आएको पाइन्छ ।

गोलबजार नगरपालिका वडा नं. अन्तगत पर्ने विभिन्न टोलमा बसोबास गर्ने यादव जातिले आफ्नो घर निमार्ण गर्दा ढोका प्रायः पूर्वपट्टि फर्किएको पाइयो । तर केही घरको ढोका जग्गाको बनोटले सडक तर्फ फर्केको हुनाले पश्चिम , उत्तर, दक्षिण चारै तीर फर्केको पनि पाइनाले यस जातिको घर निर्माण गर्दा कुनै निश्चित दिशातर्फमात्र ढोका फर्काएको हुनुपर्छ भने मान्यता देखिदैन । यस ठाउँका यादवहरुको घरको बनावटलाई हेर्ने हो भने घरको गाह्रो प्राय : इँट , सिमेन्ट , माटो , काठ बाँसबाट बनेको देखिन्छ । कुल १०० घरधुरीमा रहेको अध्ययन गरिएकोमा अधिकाश घर इँट सिमेन्ट जोडान गरी छाना जस्ता र टाइलस भएको देखियो । यस जातिका घरहरु प्राय : एकतले देखिन्छ । प्राय : घरमा पुरानै ढाँचाका झयाल र ढोकाहरु राखेको पाइयो । धेरैजसो घरहरुको छेउमा भान्साघर पानीको लागि कल र घर देखि अलि टाँढामा बारीमा चर्पी पाहुनाको लागि घरको बाहिरी भाग जसलाई दुरा भनिन्छ । त्यस्तै पाहुनाहरु (दलान) र गाई भैसी गोठ पनि छुटै बनाएको देखियो । यस जातिको घरको छानाको विवरणलाई निम्न अनुसार तालिका देखाउन सकिन्छ ।

**तालिका नं. ५ घरको किसिमको विवरणहरु**

| क्र.स. | घरको बनावट | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कच्चा | १३ | १३ |
| २ | अर्ध कच्चा | ४७ | ४७ |
| ३ | पक्की | ४० | ४० |
| जम्मा | | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

उपर्युत तालिकाबाट यो सपष्ट हुन्छ कि १०० घरधुरीमा अध्ययन गरीएकोमा ती घरधुरीमा सिमेन्ट ढलानद्वारा ४० वटा जस्ताबाट ४७,टाइलबाट १३ वटा छाना निर्माण गरिएको देखिन्छ। त्यसैगरी यसलाई प्रतिशतमा हेर्दा क्रमश४०,४७,१३ प्रतिशत रहेको देखिन्छ। यसबाट अधिकाश यादव जातिका घरहरुको छाना जस्ता पताबाट र सिमेन्ट ढलान केहीमात्रामा टाइलस छाप्रो भएको छ भन्न सकिन्छ।

### ४.२.३ पारिवारिक बनौट

:

नेपालमा बससोबास गर्ने विभिन्न जातजातिमा आ-आफ्नो किसिमको पारिवारीक बनौट हुने गरेको देखिन्छ। शहरी क्षेत्रमा आधुनिकी करणले गर्दा प्रायः एकात्मक परिवारको संख्या बढदै गइरहेको र संयुक्त परिवारको बनौटमा क्रममै सँग ह्रास आउन भएको आभास पाइन्छ। त्यसैको प्रभाव तराइ क्षेत्रमा पनि पर्न गएको संयुक्त र ठूलो परिवारको बनौटमा विस्तारै-विस्तारै परिवर्तन हुदै एकात्मक परिवारको माग बढ्दै जान थालेको देखिन्छ भने अर्को कारण सम्पति आर्जनमा व्यक्तिगत स्वार्थ लुकाएर राखेको आर्थिक रुपैया पैसा (मधेशीमा कोसेलीमा भन्छ ) ले गर्दा परिवारमा विवाद झै झगडाको कलह उत्पादन हुन्छ अनि संयुक्त परिवारबाट छुटिएर एकात्मक परिवार तिर बढी जाने यादव जातिको परिवारिक वनावटमा वृद्धि हुन थालेको देखिन्छ। यस वडाका यादव जातिका पारिवारिक वनावट लाई परिवारका सदस्य संख्याको आधारमा एकल परिवार र संयुक्त परिवारमा विभाजन गरी तालिकामा देखाएको छ। कसैले बढी आम्दानी गर्दछ भने कसैले कम आम्दानी गर्दछ भने बढी कमाउने व्यक्तिले आफ्नो कमाइको अम्दानीको तुलनात्मक रुपमा हेर्दा अन्तर द्धन्द्ध हुन्छ विभिन्न कलह उत्पादन हुन्छ त्यसकारणले गर्दा पनि ठूलो र संयुक्त परिवारबाट छुटिएको हो भने घरमुलिहरु पनि भेटिए। संयुक्त परिवार भएमा सामाजिक इज्जत हुनुका साथै अन्य र आफै जातिका सदस्यहरुले पनि हेप्ने नसक्ने हुनाले पनि संयुक्त परिवार राम्रो हुने देखिएकाले संयुक्त परिवारकै अनुशरण गरिएका घरमूलीहरु पनि देखिए।

**तालिका नं. ६ परिवारका किसिम अनुसार यादव जातिको पारिबारीक विवरण**

| क.स | परिवारको किसिम | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक परिवार | ६९ | ६९ |
| २ | संयुक्त परिवार | २६ | २६ |
| ३ | बृहत | ५ | ५ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

माथिको तालिकामा देखाए अनुसार एउटा घरमा श्रीमान् श्रीमती र अविवाहीत छोराछोरी बसोबास गर्दछन् भने त्यस्तो परिवारलाई एकल परिवारको रुपमा लिइएको. छ ।त्यसैगरी श्रीमान्,श्रीमती र विवाहित छोराछोरी साथै नाति,नातिनी समेत समाहित हुने गरी बसोबास गर्दछन भने त्यस्तो परिवारलाई संयुक्त परिवारको रुपमा लिएको छ । त्यस्तै बृहत परिवारभित्र हजुरबुवा, हजुरआमा , आमा , बुवा , छोराछोरी , नाति ,नातिनी, प्रनाति पनातिनी ,काका,काकी सामूहिक हुने गरी यस अध्ययनमा राखिएको छ ।

उल्लेखित आँकाडाबाट पनि स्पष्ट हुन्छ कि यादवहरुकोहरुको १०० परिवारलाई यस अध्ययनमा छनौट गरिएका मध्ये ६९ परिवार संख्या अर्थात् ६९. प्रतिशत परिवारहरु एकल परिवारको रुपमा बसोबास गरिरहेको देखिन्छ । त्यसैगरी २६ परिवार संख्या वा २६ प्रतिशत संयुक्त परिवारको रुपमा बसोबास गरीरहेको देखिन्छ । भने बृहत परिवारको रुपमा ५ अर्थात् ५ प्रतिशत बसोबास गरेका आवादी रहेको छन् ।

यादव जातिको परिवारहरुका महिला सदस्यहरुसँग लिएका अन्तरवार्ता र स्थलगत अध्ययनबाट जानकारी हुन आए अन्य जातिमा आएको परिवर्तनको प्रभाव यस जातिमा पनि परेको देखिन्छ । छोराहरु विवाहबारी भएपछि र उनीहरुले आय आर्जन गर्न थालेपछि यस जातिका सदस्यहरुले पनि प्रायः एकल परिवारको चाहना गरेको देखियो । छोराहरुको विवाहबारी भएपछि सासु बुहारीका बीच झै झगडा हुने हुनाले केही बाबु आमाले यस्तो अवस्थाको सृजना नहोस् भनी आफ्ना छोरा बुहारीलाई विवाहको केही समय पश्चात भिन्दै राखी दिने गरेको देखियो भने यर्थाथ रूपमा सम्पति आर्जनको रुपमा  गरिबीको कारणबाट पनि ठूलो र  संयुक्त परिवारबाट छुटिएको हो भने घरमूलीहरु पनि भेटिए यस जातिको कुनै न कुनै सदस्य विदेश गइ आर्थिक

सबल भइ मैले दु:ख गरेर कमाएको सम्पतिबाट सदस्य बाँडी लिन्छु भने डरले अलग-अलग जीवन यापन गर्न खोजिएको अध्ययनले जनाएको छ । त्यसैगरी यस जातिको कुनै न कुनै सदस्यले प्राय: कहि न कहि जाँड र रक्सी सेवन गरी रहने र बेलुका घरमा त्यहीं जाड रक्सीको मातले झै झगडा हुने हुनाले पनि छुटिएर बसेको भने घरमूलीहरुको संख्या चाहि न्यून देखिन्छ । संयुक्त परिवारमा श्रम विभाजन हुने घरको काममा सबैले सहयोग गर्ने हुँदा संयुक्त परिवारलाई नै राम्रो बनाउने घरमुलीहरु पनि देखिन्छ भने आर्थिक स्थिति नराम्रो भएको हुनाले छुट्टै घर बनाउन नसकी छुटिएर नबसेको भने केही घरमूलीहरु समेत देखिन्छन् । संयुक्त परिवार भएमा सामाजिक इज्जत हुनुको साथै अन्य र आफ्नै जातिका सदस्यहरुले पनि हेप्न नसक्ने हुनाले पनि संयुक्त परिवार राम्रो हुने देखिएकाले संयुक्त परिवारकै अनुसरण गरिरहेका घरूलीहरु पनि देखिए ।

### ४.२.४ शैक्षिक स्थिति

सामाजिक रुपमा अन्य मानिसका यादव जातिका शैक्षिक अवस्था निकै पछाडी परेको देखिन्छ । मानिसलाई कुनै पनि क्षेत्रमा सफलता पाउनको लागि सर्वप्रथम शिक्षाको अत्यन्त आवश्यकता पर्छ । शिक्षा क्षेत्रमा यादव महिलाहरु अरुजातिका महिलाहरु भन्दा धेरै नै पिचडीएका छन् । उनीहरुको बसोबास नेपालको तराइ क्षेत्रमा छ । यादव जातिहरुको अहिले पनि धेरै मात्रमा शिक्षाको न्यानो प्रकाशनबाट वञ्चित नै छन् । झन महिला शिक्षाको लागि अर्काको घर जाने जात बुझेर विद्यालय पठाउन मानिरहेका छैन । अशिक्षाको कारण अभिभावकहरुले आफना छोरा छोरीलाई बाल्य अवस्थामा नै विववाह गरी दिन्छ । जसको परिणाम स्वरुप शारिरीक र मानसिक दुवै रुपमा कमजोर हुन्छन । जसले गर्दा बाल मृत्युदर र प्रसुति मृत्युदर बढी रहेका छन । अध्ययनबाट पाएको देखियो । हाल केही परिवर्तन देखिन्छ । पुरानो बुढापाखाले शिक्षामा बञ्चित भएतापनि अहिले छोराछोरीलाई शिक्षामै चेतनाको विकास हो भने भावनाको विकास भएको हुनाले स्नातक तह भन्दा माथि अध्ययन गर्ने ७. जना महिला र १४ पुरुषहरु मात्र रहेका छन् । यस वडामा जम्मा ७३७ परिवारलाई यस अध्ययनको लागि छुटै गरीएको मा १००

घरधुरीका कुल मात्रा केही लेखपढ गरेको र ९८ घरमूली निरक्षर नै भएको देखिन्छ । यादव जातिका घरमूलीहरुको शिक्षाको अवस्थालाई निम्न अनुसार तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं.७यादव जातिका घरमुलीहरुको शिक्षाको अवस्था**

| क्र.स. | शिक्षाको स्तर | घरमूलीको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | २ | २ |
| २ | १देखि ८ कक्षा सम्म | २० | २० |
| ३ | माध्यमिक तह सम्म | ४३ | ४३ |
| ४ | प्रविणता प्रमाण पत्र तह सम्म | १९ | १९ |
| ५ | स्नातह तह देखि माथि | १६ | १६ |
| जम्मा | | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

उक्त तालिकामा देखाए अनुसार यस अध्ययनको छनौट गरिएको कुल घरमूलीहरुको ९८ प्रतिशतले मात्र लेखपढ गर्न जान्नेको र २ प्रतिशत घरमूलीहरु निरक्षर नै भएको पाइन्छ ।

यस जातिको जम्मा ९८ प्रतिशत यर्थात् ९८ घरमूलीले लेखपढ गर्न जानेको भएतापनि माथिको तालिका अनुसार कक्षा १ देखि ८ सम्म शिक्षा हासिल गरेको घरमूलीको संख्या २० छ जुन गरी माध्यमिक तह सम्मको शिक्षा हासिल गरेको घरमुलीको संख्या ४३ मात्र छ अर्थात् ४३ प्रतिशत छ । प्रविणता प्रमाण पत्र तह सम्मको शिक्षा हासिल गरेको घरमूलीको संख्या १९ मात्र छ अर्थात १९ प्रतिशत मात्र पाइयो भने स्नातह तह देखि माथि शिक्षा हासिल गरेको घरमुलीको संख्या १६ मात्र छ अर्थात् १६ प्रतिशत मात्र पाइयो । यसबाट के बुझिन्छ भने यस जातिका करीब एक तिहाइ घरमुलीहरुले उच्च शिक्षा हासिल गरेका छन् ।

यस वडामा यादव जातिकै कुल जनसंख्याको विद्यालय उमेर समूहको अर्थात ४ देखि १५ वर्ष सम्मको जनसंख्या २२१ जना मध्ये पुरुष संख्या १३३ र महिलाको संख्या ८८ भएको पाइयो । यस जातिको विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरु विद्यालयमा पढन गएको देखिन्छ ।जसलाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.८यादव जातिका बालबालिकाहरुको शैक्षिक विवरण**

| क.स | शिक्षाको स्तर | पुरुष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्व प्राथमिक कक्षा | २३ | १०.४१ | १५ | ६.७९ | ३८ | १७.१९ |
| २ | १-८ कक्षा | ७६ | ३४.३९ | ५४ | ४२.४३ | १३० | ५८.८२ |
| ३ | ९-१२ कक्षा | ३४ | १५.३८ | १९ | ८.६० | ५३ | २३.९८ |
| जम्मा | | १३३ | ६०.१८ | ८८ | ३९.८२ | २२१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

उक्त तालिकामा अनुसार यस जातिका विद्यालय जाने उमेर समूह अर्थात् ४-१५ वर्ष उमेरका बालबालिकाहरु मध्ये पूर्व प्राथमिक कक्षा अध्ययनरत बालबालिकाको संख्या ३८ जस मध्ये १३ बालक र १५ बालिका रहेको छन् । १-८ सम्म कक्षा अध्ययनरत बालबालिकाको संख्या १३० देखिन्छ जस मध्ये बालक संख्या ७६ र बालिकाहरुको ५४ रहेको छन् । साथै ९-१२ सम्म कक्षा अध्ययनरत बालबालिकाको संख्या ५३ देखिन्छ जस मध्ये बालक संख्या ३४ र बालिकाहरुको १९ रहेको छ । हाल विद्यालय जाने बालबालिकाहरुको मध्ये १०.४१ प्रतिशत बालक र ६.७९ प्रतिशत बालिका गरी १७.१९ प्रतिशत बालबालिकाहरुको पूर्व प्राथमिक कक्षामा अध्ययनरत रहेको छन् । १-८ कक्षा सम्म अध्ययनरत बालबालिका १३० जना मध्ये छात्र ६७ जना र छात्रा ५४ जना अर्थात ५८.८३ प्रतिशत जनसंख्या रहेको छ । ९-१२ कक्षा सम्म अध्ययनरत विद्याथीहरुको संख्या ५३ जना मध्ये छात्र ३४ जना र छात्रा १९ जना अर्थात् कुल विद्यार्थी संख्याको २३.९८ प्रतिशत बालबालिकाहरु ९-१२ कक्षामा अध्ययनरत देखिन्छ ।

विद्यालय भर्ना गर्नेर पढाउने उमेरमा यादव जातिको छोराछोरीको बीचमा भेदभाव देखिन्छन् । उमेर पुगेका बालबालिका दुबैलाई विद्यालयमा भर्ना गरेको देखियो । यसबाट छोरालाई विद्यालयमा पठाउने र छोरीलाई भन्ने छोराको तुलनामा विद्यालयमा कम पठाउने गरेका विगतको परम्परा हटेको देखिन्छ । जातिको ७ जना महिला र १४ जना पुरुषहरु स्नातक तहमा अध्ययनरत देखियो भने ७ जना पुरुष स्नाकोत्तर र १ जना पुरुष विद्यावारिधि गरेको पाइयो ।

### ४.२.५ यादव जातिको महिलाहरुको स्थिति

हिन्दु धर्मशास्त्रले नारीको स्थान र महिलालाई मुक्त कण्ठले प्रसंशा गरेको पाइन्छ । नारीलाई देवीको रुपमा ,सरस्वतीको रुपमा, भगवतीको रुपमा , लक्ष्मीको रुपमा , पार्वतीको रुपमा जगत जननी जानकीको सीताको स्वरुपमा  स्वीकार गरिनुको साथै रथ रुपी जीवनको एक पाङ्ग्राको रुपमा  मानेर  नारीको स्थानलाई उच्च स्थानमा राखेको देखिन्छ  व्यवहारमा भने नारीहरुलाई पुरुष र समाज दुवैले शोषण गर्ने गरेको पाइन्छ । नेपाली समाजको विविध जात-जातिहरुमा महिलाको स्थितिमा केही न केही रुपमा फरक देखिन्छ । नेपालकै बाहुन क्षेत्री डिमनका पिछडा वर्ग ( OBC) महतो , बडही , साह तथा यादव जातिका महिला संख्या तुलना गर्दा चाहिँ यादव जातिका महिलाको स्थितीलाई राम्रो मान सकिन्छ । यादव जाति महिलाको स्थितिलाई राम्रो मान्न सकिन्छ । यादव जाति पनि पुरुष प्रधान भएकोले पैतृक सम्पति माथि छोराको एकाधिकार रहनु स्वभाविक नै हो भन्ने छोरोको तुलना छोरीले  घरमा बढी काम  गर्नु पर्ने  सत्यता पनि आज सम्म विद्यमान नै रहेको देखिन्छ ।

यदि महिलाको अवस्थालाई अझ स्पष्ट रुपमा हेर्नु हुन्छ भने लैगिक समानतामा पनि  आफ्नो समान अधिकार पाउन सकेको छैन किनभने  महिला माथि चुला चौका घर परिवार काम काज देखि लिएर  घरपरिवारमा सेवा गर्नु बच्चा  जनमाउन बच्चालाई पालन पोषण गर्नुका  साथै अरुको अधिनमा बस्नु परेकाले यत्रो ठूलो बोझ भएका महिला पुरुषको  दोडमा जित्न सक्ने अवस्था देखिएका छैन । तर्सथ ऊ आफ्नो समान अधिकारबाट वञ्चित छन् ।

यस जातिभित्र पनि समाजका अन्य जातिमा जस्तै छोरा र छोरीहरुलाई भेदभावपूर्ण नै व्यवहार गरिन्छ ।  जब छोरा छोरीको जन्म हुन्छ त्यसबेला देखि नै छोरा र छोरीको बीचमा भेदभाव सुरु हुन थाल्छ । छोरालाई आफ्नो आफन्तले पाएसम्म निजी  विद्यालय स्कुल मा भर्ना गर्न परिवारले प्रत्योसाहन गर्ने र छोरीलाई चापदै सामुदायिक विद्यालय स्कुलमा भर्ना गर्ने प्रचलनमा रहेको देखिन्छ  तर विस्तारै सुधार भएको कुनै कुनै घरपरिवारमा पाइयो ।छोरा छोरी दुवैलाई स्कूल पठाएतापनि छोरा स्कूलबाट फर्केपछि खेल्न थाल्दछ भने छोरीले चाहि घरको काममा सहयोग पुऱ्याएको देखिन्छ । त्यति मात्र नभइ घर कुनै मानिस नहुँदा पनि छोरालाई स्कुल जानबाट रोकिदैन तर छोरीलाई घर कुनै घरमा भएका गाई , भैंसी , बाखालाई घास काट्ने  घरको

सफा सुग्धर गर्ने , जुठो भाडु माभने आदि काम गर्नु पर्ने स्थितिको अभाव अध्ययनको क्रममा देखियो । त्यसैगरी छोरीको विवाह गर्दा केटा छान्ने अधिकार पूर्णतः आमा बुवा जेष्ठ भाइमा रहेको देखियो । आर्थिक क्रियाकलाप सम्बन्धि कुनै पनि निर्णय वा कार्य गर्न परेमा पुरुषले मात्र गर्ने प्रचलन यस जाति पनि विद्यमान रहेको देखिन्छ । समाजले न राम्रो माने बहु विवाह , बाल विवाह, विधुवा विवाह , भ्रुण हत्या र पारपाचुकेलाई यस जातिमा भनी राम्रो मानिदैन् । यस जातिका कुनै पनि घरमूलिका दुई ओंटी श्रीमती भएको पाइएमा यस जातिमा पनि अन्य जातीय विवाह देखा परेको छैन । छोरी जति पढाएपनि दाइजो दिनु पर्छ कोसेली दिनु पर्ने भनेकोले छोरीलाई अरुको नासोको साथै दाइजोको रुपमा लिने घरमुलिहरुको संख्या भने अधिकाश नै पाइयो ।

### ४.२.६ सामाजिक र राजनैतिक चेतना

समाजका अन्य जातिमा चलि आएको जस्तै धर्म , वर्ण , लिङ्ग , जात, जाति , पद , पैसा आदिको आधारमा भेदभाव गर्ने प्रचलन यस जातिमा पनि अझै हटि सकेको देखिदैन । एउटा पूर्खाबाट विकसित हुँदै आएको मनुष्यले समाजम अझै पनि एकातिर मत्स्य व्यामलाई अँगाली रहेको छ भने अर्को तिर "जसको लाठी उसको भैसी" भने भावना लाई पनि प्रदशित गरिएको पाइन्छ । समाजमा अवसर पाउने वर्गले अवसर नपाउने वर्गलाई शोषन गरीरहेको छन् ।
हाम्रो देश नेपालमा यादव जातिको नेताहरुलाई हेर्ने हो भन्ने हरेक विकास केन्द्र , प्रदेश , स्थानीय तह , वडा सम्म सहभागी रहेको पाइन्छ । देशको प्रथम राष्ट्रपति डा. रामवरण यादव नै थिए । हाल पार्टीगत रुपमा हेर्दा नेपाली काग्रेसबाट सीता देवी यादव , चित्रलेखा यादव , न.क.पा.बाट मातृका प्रसाद यादव , सुरेश चन्द्र दास यादव , संघीय समाजवादी फोरम नेपालबाट उपेन्द्र यादव , राजापाबाट राजकिशोर यादव लगायत दर्जनौ यादव जातिका नेताहरु रहेका छन् भने प्रदेश स्तरमा २ नं. प्रदेशको, विजय यादव , रामकुमार यादव, योगोन्द्र राय यादज दर्जनौ प्रदेश सांसद तथा मन्त्रीहरु रहेका छन् । यसैगरी स्थानीय तहमा हाम्रो सिराहा जिल्लामा १७ वटा स्थानीय तह पनि सिरहा नगरपालिकामा नगरप्रमुख अशेश्वर यादव सुखिपुर नगरपालिकामा रामअपतार यादव , विष्णुपुर गाउँपालिकामा जागेश्वर यादव , नरहा

गाउँपालिकामा रामसरण यादव गरी लगायत वडा अध्यक्ष गोलबजार नगरपालिका वडा नं. ४ मा राजदेव यादव , वडा नं. ११ मा रामदेव यादव लगायत सयौं यादव जातिका नेता कर्ताहरु राज्य सत्तामा समावेश भएका छन् । ती सबै क्यारमबोर्डमा छरिएको गोटीहरु छन् ।जुन स्टाइगर रुपी शासकबाट संचालित हुन्छ ।  भनाईको तत्पर्य यो छ कि आफूले चाहँदा चाहँदै इच्छा भएतापनि सुशासन सत्ता सन्चालन गर्न नदिने अर्को बाहुल्यता भएको जातजातिबाट शोषण दमनमा आसमानताको सिकारले यादव जाति पनि अपहेलित छन् । शिक्षा र चेतनाको अभावले लामो समय देखि संघर्ष गर्दै आएतापनि थिचिएका तथा पिछिडएका यादवहरुमा कयौं कुरीति र सामाजिक विसंगति अझैसम्म पनि विद्यमान रहेका देख्न सकिन्छ ।  यो जातका सदस्यहरु समाजका अन्य जातिका सदस्यहरुसँग सिधा वा हक फुकाएर र बोल्न सकेतापनि एकातिर रुढिग्रस्त मनोवृतिबाट यादवहरु अझै सताइएका छन् भने विकासको फललाई आफनो हित र भलाइमा प्रयोग गर्न समेत सकिरहेको छैनन ।

विरामी हुँदा धामी , झाक्री स्वास्थ्य चौकी लगाउने दुवै परपम्परा  प्राय निर्मूल भइरहेको छ । यिनीहरुका भुतप्रेत माथि धेरै विश्वास राखे पनि देवी देवताका र पुरोहितवादमा जकडिएका पनि देखिन्छ । यस जातिको स्वामित्वमा कम, वढी मात्रामा जग्गा जमिन रहेको र अन्य जातिको स्वामित्वमा भएका जग्गा मोहीको रुपमा  कमाएर बर्ष भरि खान नपुग्ने अवस्थामा व्यापार व्यसायी वैदेशिक रोजगारी गरी जीवनको पार्जन गरेका छन् । यस जातिका अधिकांश मानिस समक्ष शिक्षाको उज्यालो घाम अझसम्म पुग्न सकेको देखिँदैन । केही घरमूली प्राथमिक , माध्यमिक , उच्च शिक्षा आर्जन गरेको भएतापनि उनीहरुले उही आफ्नो जातीय पेसा लाई अपनाउन बाध्य भएका छन् । आफ्नो परम्परागत कृषि कार्यको लगानी अनुसारको उत्पादन नहुन सिचाइको व्यवस्था नहुन समयमा मल खादको अभाव हुने कलावजारी जस्ता कारणहरुले गर्दा कृषि पेसा दिनानुदिन खस्कदै गएको देखिन्छ ।

सामाजमा नयाँ घर बनाउदा घरवाँस हनुमान अराधना विभिन्न कीर्तन मंडलीद्धारा , अस्ठजाम, भगवानका कीर्तनहरु गरी बबाजीहरुलाई पानप्रसाद खुवाउने भोजभतेर गरेर पैसा खर्च गर्ने घरमुलीहरु पनि अधिकांश भेटाएका छन् । यस अध्ययनको क्रममा परिवार विभाजनको वारेमासोधपुछ गरिएको यस जातिका अधिकांशले परिवार विभाजन स्थायी वा अस्थायी साधनहरु अपनाइएको  देखियो जसबाट परिवार विभाजनगर्नु पर्छ भन्ने धारणा सबैमा

पाइएतापनि परिवार नियोजन गरेमा कमजोर होइन्छ भन्ने भ्रम समेत यस गतिले पालेको पाइयो ।

यस जातिमा पनि छोरीको तुलनामा छोराको महत्व बढी भएको पाइन्छ । उनीहरुको भनाई अनुसार जतिसुकै छोरी भए तापनि छोरा चाहिन्छ नै किनभने छोरी भनेको अर्काको नासो हो । र समय आए पछि अर्कालाई जिम्म लगाउनु पर्ने हुनाले त्यसबेला आफू पनि काम गर्न नसक्ने भैसकेको हुँदा आफ्नो हेरचाह गर्ने व्यक्तिका लागि पनि छोराको आवश्यकता पर्दछ । आफ्नो मृत्यु पछि पनि घर र घरमा भएका समान तथा सम्पतिको जिम्मा लगाउनको लागि पनि छोराको आवश्यकता पर्दछ । छोरा नभएमा समाजमा सामाजिक प्रतिष्ठा नहुने , उपहेलित हुने भावना भएका मानिसहरु समेत अध्ययन गर्दा पाइएको छ । तीन ,तीन बटी छोरी जन्मि सक्दा पनि छोराको आशामा परिवार नियोजनका अस्थाइ साधनहरुको समेत प्रयोग नगरी पर्खेर बस्नेहरु पनि भेटिए ।

### ४.२.७ स्वास्थ्य सरसफाइ र खानेपानी

नेपाल एउटा अल्प विकशित राष्ट्र हो र गरीब राष्ट्रहरु मध्ये नेपाल पनि एउटा देश हो । जहाँ शहरी इलाका बसोबास सरसफाइ र खानेपानीको समस्या सुधार उन्मुख भएको देखिन्छ। सरकारले व्यवस्था गरेको स्वास्थ्य नीति तथा कार्यक्रमहरु विभिन्न कारणले गर्दा लक्षीत वर्गहरुमा पुग्न सकेको छैन । मानिसहरुको समयमा नै उपचार गराउन नसकेर मृत्युसम्म भएको छ । सुरक्षित खानेपानी तथा उचित घरको व्यवस्थाको अभावले मानिसको स्वास्थ्यमा बाँधा पुऱ्याएको छ । त्यस्तै गोलबजार नगरपालिकामा पनि स्वास्थ्य तथा सरसफाइको अवस्था दयनीय रहेको छ । स्थानीय सरकार भनिने नगरपालिकाले पनि नगरवासीमाथि करको बोझ मात्रै गाँस, बाँस र कपासको कुनै पनि सहुलियत स्थानीय नगरवासीले पाउन सकिरहेको अवस्था छैन । यस्तै स्वास्थ्य उपचार गराएर एक जना असहाय पुरुषको मृत्यु भएको छ । औषधी उपचारको अभावले अब कसैले मर्नु नपर्ने प्रधानमन्त्री खडक प्रसाद शर्मा ओलीले घोषण गरेको केही दिनमै औषधी उपचार नपाएर सिरहामा एक जनाले मुत्यु भएको छ । गोलबजार नगरपालिका वाड नं. १२ वेतौना घर बताउने अन्दाजी ६०/६५ वर्ष असाहय

सदायको सामान्य औषधी उपचार नपाएर मृत्यु भएका अवस्था देखियो । विगत १०-१२ दिन देखि नगरपालिकाको कार्यलय परिसर भित्रै नगरउपप्रमुख कार्यकक्ष नजिक रहेको चौतारामा विरामी भई वेवारिसे सिकिस्त विरामी भई वेवारिस अवस्थामा दिनरात गुजार्दै गर्दा पनि स्थानीय सरकार भनिने नगरपालिकाको उसको प्रति ध्याननजानु विडम्बना रहेको आवाज उधिरहेको छ । वेवासिर असहाय रहेको सदाय सोमबार ४ गते चैत २०७५ साल अचानक वेहोस भइ नगरपालिका परिसर भित्रै नगर उपप्रमुख रेशम थापाले प्रमुख प्रशासकीय अधिकृत गिरीराज ज्ञवालीलाई निर्देशन दिई स्वास्थ्य चौकी गोलबजार एम्बुलेशबाट स्वास्थ्य चौकी अगाडि झारेपनि उपचार नपाएर झारेकै ठाउँममा सोमबार राति मृत अवस्थामा फेला परेको बुझिएको छ । (स्रोत , रेडियो आकाश गंगा एफ.एम १०७.६ मेघाहर्ज गोलबजार, सिरहा )

यस सिरहा जिल्लामा जिल्ला जनस्वास्थ्य कार्यलय सिरहा र लाहान गरी दुई वटा स्वास्थ्य अस्पताल रहेको छन् । उक्त स्वास्थ्य अस्पतालमा व्यवस्थित उपचार प्रणाली छैन । त्यसैगरी जिल्लामा क्लिनिक र मेडिकल थुप्रै छन् तर तिनीहरुमा सामान्य आर्थिक स्तर भएका मानिसहरुले गएर उपचार गराउन सक्ने देखिन्छ । यस गोलबजार नगरपालिका वाड नं. ८ मा पनि यही अवस्थाबाट गुज्री रहेको छ । यस चन्द्रलालपुर गा.वि.स. हाल गोलबजार न.पा. ७ र ८ मा सरकारी सेवा अन्तगत वाड नं. ७ मा हेल्थ पोष्ट रहेका छ । तर त्यस्तै प्रयाप्त ओषधि नरहेका र सव हेल्थ पोष्ट इन्चार्ज रहेतापनि निज नियमित रुपमा उपस्थिति नै विरामीले सोचे जस्तो सेवा पुर्याउने नसकेकोले त्यो हेल्थ पोष्ट नाम मात्र रहेको तथ्य अध्ययनको क्रममा देखियो ।

**तालिका नं. ९उत्तरदाताको उपचार पद्धति**

| क.स. | उपचार पद्धति | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धामी झाक्री | १६ | १६ |
| २ | स्वास्थ्य चौकी | ३९ | ३९ |
| ३ | दुवै | ४५ | ४५ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत सवेक्षण २०७५

माथिको तालिकाबाट पनि प्रष्ट हुन्छ कि यस ठाउँका मानिसहरु मध्ये १६ प्रतिशत यादवहरु अझै धामी झाक्रीमा विश्वास गरिएको पाइन्छ भने स्वास्थ्य चौकी तर्फ जानेको संख्या सबभन्दा बढी ३९घरमुलीहरु अर्थात् ३९प्रतिशत रहेको छ । धामी झाक्री तथा स्वास्थ्य चौकी दुवै जानेको संख्या हर्ने हो भने ४५ प्रतिशत देखिन्छ । यसबाट के बुझिन्छ भने यि जातिका मानिसहरुले  परम्परागत रुपमा वेहोर्दै आएको उपचार प्रणाली भन्दा बढी आधुनिक योगमा आएको उपचार प्रणाली अँगालेको पाइन्छ । अध्ययनको क्रममा के देखियो भने विरामी हुँदा पहिला स्वास्थ्य चौकी, Medicalवा अस्पताल जाने गरेको त्यहा ठिक नभए मात्र धामी झाक्री जाने गरेको पाइन्छ ।

नमुना सर्वेक्षण रुपमा रहेको यो क्षेत्रको अवस्था हेर्दा खुला दिशा मुत्त क्षेत्र घोषणाको प्रत्यक्ष प्रभावले १०० प्रतिशत मानिसको घरमा चर्पी रहेको पाइन्छ भने सीमित मात्रा पुरानो बुढापाखाले खुला चौरमा शौचालय प्रयोग गरेको पाइयो जसबाट स्वास्थ्य र सरसफाइमा कमी आएको देखिन्छ । यो वडा समतल भू-भाग भएतापनि यहाका उचित खानेपानीको अझै पनि अवभाव रहेको खुला रुपमा कल इनारको पानी खाइको यस अध्ययनबाट देखियो  ।

### ४.२.८ सामाजिक परिर्वतन

प्राचीनकाल देखि नै नेपाल बहुजाती , बहुभाषी र बहुधर्मालम्बी भएको देशको रुपमा रहेको तथ्यलाई यहाँ रहेको यादव , कुशवाहा , ठाकुर , हजाम ,साह, तेली,हलुवाइ ,दास ,तत्मा ,धानुक,चमार ,मुसहर क्षेत्रीय ,ब्राहमण थापा,धमाला र अन्य मिश्रित किसिमका जात जातिहरुले स्पष्ट पारेको छ । हिन्दु वर्णाक्रमअनुसार समाजलाई ब्रहामण ,क्षेत्री ,वेश्य र शुद्र गरी चार जातिमा विभाजन गरेको र जातिको आधारमा ब्रहामणले पाठ पूजा , क्षेत्रीले कामकाज र लडाइ ,वेश्यले व्यापार र कृषि कार्य तथा शुद्रले सेवामुलक र दास सरहको काम गर्ने  पर्ने सामाजिक नियम नै थियो ।  तर अहिले आएर यसमा  केही परिवर्तन आएको छ  ।यादव जातिले प्राचिनकला देखि राज्य सञ्चालन गरेको वंशावलीमा अहिर ( यादव) राज्यको यहा वंशावली आजसम्म सुरक्षित छ । प्रसिद्ध इतिहासकार डा.राइटने हिस्ट्री अफ नेपालमा ५२१ वर्ष अर्थात्८ पुस्ता संचालन गरेको थिए

यादव जातिले कृषि क्षेत्रमा बढी खेतीपाती गर्ने पशुपालन गाई , भैंसी पालन गरी दुध उत्पादन गरी हाल सम्म बजारमा गएर बेचिरहेका छ। तर त्यसमा मात्र सीमित नभई ठूला ठूला व्यापार व्यवसायलाई जस्तै ईटा उद्योग, पेट्रोल पम्प,काठ मिल,निजी स्कुल, सहकारी संस्था, एफ.एम. लगायत सा साना व्यापारहरुको साथै जागिरमा पनि शिक्षक स्वास्थ्य कर्मी जिल्ला , प्रशासन, प्रमुख , राजनैनितीमा पनि स्थानीय तहदेखि प्रदेश र केन्द्रमा मन्मिण्डलमा पनि सहभागी रहेको यस अध्ययन सामाजिक परिवर्तन  आएको देखिन्छ।

यादव जातिलाई नजिकबाट नियाल्दै जाँदा उनीहरुमा छोरा छोरी बीचको भेदभावको भावना पनि हटेको पाइयो। पहिले पहिले छोरालाई स्कूल पठाउने र छोरीलाई घर धन्दामा लगाउने चलन थियो। अहिले आएर यस वडाको  यादवहरुको जातिमा पढ्नु उमेरका छोरा छोरी दुवै स्कुल जाने गरेको पाइयो। यसैगरी महिलाको स्थितिको कुरा गर्दा यसै वडामा बसोबास गर्ने अन्य जातिको तुलनामा यादव जातिको महिलाको स्थिति केही माथि रहेको छ। समाजले नराम्रो मान्ने बालविवाह , बहु विवाहको प्रथा यस जातिमा पनि हटेको देखिन्छ।

त्यसैगरी  यादव जातिको घरको बनोटको कुरा गर्दा पहिला पहिले प्राय छाप्रो र टाइल छानो हुन्थ्यो भने अहिले आएर सके ढलान र सके जस्ताको छाना छाउने चलन पाइयो। त्यस्तै परिवार पनि संयुक्तवाट एकल परिवार तर्फ उन्मुख भएको पाइयो।

## ४.३ यादव जातिको सांस्कृतिक स्थिति

### ४.३.१ संस्कार

वषौ देखि संस्कार धार्मिक एंवम सामाजिक एकताको प्रभावकारी माध्यम रहेको छ।  हाम्रो जनजीवनमा संस्कारहरुको ठूलो महत्व छ। किनीक यी संस्कारहरुको प्रयोगले जीवनमा सफलता प्राप्त गर्दछ र खराब आचरणबाट बच्न मद्दत गर्दछ। हिन्दु संस्कारहरुमा भुत,प्रेत ,पिचासालाई निराकरण गर्नका लागि विभिन्न प्रकारका कार्यहरु पहिले देखी हुदै आएका छन्।

त्यस्तै गरी मानिस जन्मेदेखि मृत्यु पश्चात् र मृत्यपछि आफ्नो सन्तानहरुको माध्यमले अनेकल संस्कारहरु गर्ने जातिमा पर्दछ।  मानिस र पशुलाई विभेदीकरण गर्ने कारकतत्व मध्ये संस्कार नै प्रमुख तत्व हो। पशुसंस्कार विहिन हुन्छ भने मानिस समय समयमा विभिन्न संस्कारहरु

आवद्ध भइरहेको हुन्छ ।मानिसले आफ्नो जीवन भर र आफ्नो मृत्यु पछि पनि गरिने कामहरुलाई संक्षेपमा जीवनचक्र भनिएतापनि यस जीवन चक्रभित्र उनकै उपचक्रहरु पनि पर्दछन् । हिन्दु धर्मको पुरानो तथा देवकार्य र पितृकार्यलाई बढी महत्व दिई  वर्णन गरीएको पाइन्छ । मनुष्य जीवनलाई शुद्ध बनाउन  जन्म संस्कार अन्य प्रासन मूण्डन , बतबन्ध , विवाह आदि कार्यहरु गरिन्छ ।

**४.३.२ जन्म संस्कार :**

परिवारमा कुनै महिलालाई सन्तान हुन ढिलो भएमा वा सन्तान नभएमा त्यस महिलालाई हेयको दृष्टिकोणले हेर्छ । सन्तान प्राप्ति हुने थाहा पाएपछि सन्तान पाउने महिला तथा घरका अन्य सदस्यहरु खुशीहुन्छ । सन्तान प्राप्ति हुनुभन्दा पहिले स्त्रीको माइती वा अन्य आफन्तहरुबाट खिर ,पकवान, मिठाइ , फलफूल , साडी ,सिन्दुर ,टिकुली आदि कोसेली गर्भवती महिलालाई पठाउने चलन छ । जसलाई स्थानीय भाषामा सधोइर र भनिन्छ । यो सधोइर नपठाइएमा जन्मिने बच्चा र्‍याल काठने गर्दछ भने सामाजिक मान्यता रहेकोले सो हुन नदिन यसै गरिएको भनाइछ ।  समाजमा अहिले पनि सुतकेरी गराउने कार्य घरमा नै भए राम्रो हुने मान्यता अध्यावधि कायम रहेको छ । परपरागत रुपमा यस समाजमा पहिले घरमा नै सुडेनीको काम गर्ने चमैन चमार जातिको महिलाको सहारामा बच्चालाई  जन्म दिने सुतकेरी गराउने कार्य हुने गर्थ्यो । बच्चा जन्मी बच्चा जन्माउन सुतकेरी गराउनको लागि महिलालाई गाइ गोठ वा छुटै घरमा पराल औछयाएर एक कुनामा राखने चलन थियो ।अहिले चमार दलित जातिका संस्थाले  चमार महिलाहरुलाइ घरमा गएर सुडेनीको काम गर्ने परम्परामा अघोषित रोक लगाएपछि हाल आएर योकिन घरमै बच्चा जन्माउने परम्परागत परीपार्टीमा निकै कमी आएपनि आंशिक रुपमा यो विधि सामाजमा अध्यावधि कायम छ । बच्चा जन्मे पछि साल-नाला काटने कार्य सम्बन्धित स्वास्थ्य चौकी वा अस्पतालमै भएपनि सुतकेरी महिलालाई घरमा ल्याएपछि  महिलालाई राखेको ठाउँमा गुइठाको आगो वाली सोही ठाउँमा वाँसको भाँडोमा हरियोपात र वयरको हाँगासहित बाधेर राख्दछ । यसको अतिरिक्त सुतकेरी महिलाको शिरानमा खुर्पी तथा चक्कु समेत राख्ने चलन छ । यसो गर्नाले महिला र बच्चा दुवैमा  कसैको नजर नलागोस्  भन्ने विश्वासबाट गरिएको हुन्छ ।

बच्चा जन्मेका छैठौ दिनसम्मको अबधिलाई अशुद्ध समय भनिन्छ । यस अवधिमा सुतकेरी महिलाले कसैलाई छुने वा कुलदेवताको घर गोसाइघर जानबाट बञ्चित रहन्छ ।

**४.३.३ छटीहार :**

बच्चा जन्मेको छैठौ दिनमा बच्चा एवम् बच्चाको आमालाई नयाँ बस्त्र पहनाइ तथा बच्चको आमालाई माइती पक्षबाट आएको साडी साजा , बलाउज, पहनाइ त्यही चुडी समेत लगाइन्छ । त्यसपछि साँझ पख पुजा आर्जन गरी बूढापाकाहरु एवम् आफन्तहरुबोलाइ भोज खुवाइन्छ । यस दिन बाट सुतकेरी सुद्धि भएको मानिन्छ । सोही दिन बच्चाको नामाकरण पुरोहित स्वम् मामा हजुर बुवा एवम् गाउँको वृद्ध व्यक्तिहरुबाट गराइन्छ । जसलाई छठीहार भनिन्छ ।

**४.३.४ मुण्डन :**

बच्चा ठूलो भएपछि पहिलो चोटी हजामबाट कपाल काटने कार्यलाई मुण्डन भनिन्छ । यो मुण्डन गर्ने कार्य सबैले आ-आफनो हिसाबले गर्दछ भाकल गरेकाहरुले प्राय जसो कुलदेवताको घरमा विशेष पुजा पाठ गरी एवम् हजामलाई विशेष दान, दक्षिणा दिई मनाउने चलन छ । यस जातमा कसै कसैले बाबाधाम , कसैले जनकपुरको जानकी मन्दिरमा गई मन्दिर पुजारीबाट पुजापापठ गराई त्यही ठाउँमा रहेको ठाकुरबाट मुण्डन कार्यक्रम गर्ने पनि देखिएको छ । यस अवसरमा सजातीय भोज समेत गर्ने चलन छ ।

**४.३.५ अन्न प्राशान**

बच्चा जन्मेको ५-६ महिनामा बच्चा अन्य खुवाउने सुरु गरिने पहिलो दिनलाई अन्न प्रदान संस्कार भनिन्छ । यस जातिमा अन्न प्राशानको महत्व बढी नभएको भए पनि साधारण रुपमा कुनै कुनै परिवारले मनाउने गर्दछन ।यस जातिमा आफ्ना बालबालिका जब ५ महिनाको हुन्छ भन्ने राम्रो साइत दिन आफ्ना इष्ट मित्रलाई बोलाई र आफ्नो परिवारको भन्दा ठूलो वा मान्ने व्यक्तिले पहिलो चोटी बालकलाइए अन्न प्राशन गराएपछि मात्र अन्य सदस्यहरुले अन्य प्राशन गराउँदछन् अन्न प्राशनको कार्य सम्पन्न भएपछि बालकलाई नियमित रुपमा अन्न खुवाउने गरिन्छ ।

**४.३.६ देखा-सुनी**

विवाह अगाडि केटाकेटी पक्षले विवाहको प्रस्ताव ल्याउन सकिन्छ । त्यसपछि केटा वा केटी बीचको कुरा अगाडि बढ्छ । केटा पक्षबाट केटाको मामा, काका , दाजु एवम् गाउँका

स्वजातीयहरु गरी केटीको द्वारमा पुगिन्छ । सामान्य चियापान एवम् नास्ता पछि केटी हेर्ने कार्य अगाडि बढ्छ । देखा सुनी गर्ने कार्य अगाडी बढछ । देखा सुन्नी गर्न आउनेहरु बीच केटी बोलाइन्छ । सो ठाउँमा केटीले आफनो सामान्य शिष्टाचार नमस्कार गरी देखा सुन्नी गर्न आउनेहरुले सोधेको कुराहरु एव आफ्नो परिचय दिइसकेपछि देखा सुन्नी गर्ने कार्य सम्पन्न हुन्छ । केटी मन परेपछि केटापक्षले केटी पक्षलाई केटा हेर्न आउने समय माग गर्दछ । सोही समयमा अप्रत्यक्ष एवम प्रत्यक्ष तवरबाट हाडनाता पर्ने वा नपर्ने नाता पता लगाइन्छ । मामा फुपु वा आफ्नो कुलको ६ वा ९ पुस्तासम्मको पर्न आएमा विवाह नगर्ने परम्परा रहि आएको भएपनि अहिले ६ वा ३ पुस्ता वा ३ डिह मिलान गरी फर्छ्यौट गर्ने चलन बढदै गएको छ । उपशिल डिह कुनै एउटा मिल्न गएकोमा सो लाई नाता सम्बन्ध कायम भएको ठहर गरी विवाहको प्रस्ताव फिर्ता लिइन्छ । तर डिह नमिलेमा विवाह गर्न सकिने आधार तय हुन्छ ।

**४.३.७ छेका वा रोका :**

वैवाहिक सम्बन्धको विवाह गर्ने पक्कापक्कीको रुपमा निश्चित रुपको लागि कन्यापक्षबाट बरको घरमा निश्चितसमय तोकिएको मितिमा पुगी कन्यापक्षबाट बरको हातमा पान सुपाडी हल्दी दुवौ लताकपडा फलफूल , मिठाई, अगाडि पुरोहित ब्राम्हणबाट पुजन गराइदिन्छ । यसलाई छेका या रोका भन्ने गरिन्छ । छेका कार्य विना पुरोहित समेत हुने गर्छ यो विधि सम्पन्न भएपछि विवाह गर्ने केटा केटीको लगन पुराहीतबाट छोरी विवाह गर्ने बर कन्याको लागि निश्चित तयारीहरु सुरु हुन्छ । यसबाट नै विवाह सम्बन्ध गर्ने कुराहरुको पक्कापक्कि हुन्छ कन्यालाई छेका गर्ने परम्परा रहेको देखिन्छ ।

**४.३.८तिलक**

केटी पक्षबालाले आफूले कबुल गरेको सामग्रीहरु नगद तथा सुन चाँदी आदि सबै सामानहरुको साथ आफ्ना भाइ बन्धुको साथै साथै स्वजातीय सहित परम्परागत तिलक सामग्रीहरु धान, चामल , अक्षता , दुवो , गंगाजल , धोती , गञ्जी , तौलिया , फलफूल , आदि सम्पूर्ण सामग्रीहरु बर पक्षको घरमा ल्याई ब्राहमण पुराहित द्वारा पुजा पाठ गराई प्रदान गरिन्छ यसलाई तीलक चढौना भनिन्छ । बरको निधारमा तिलक लगाइन्छ । बरपक्ष र कन्या पक्षको अभिभावककले बरलाई धान चामल , अक्षता, दुवो र गंगाजल छर्केर तिलक लगाई आर्शिवाद दिइन्छ । यसै आधारमा यस विधिको नाम तिलक अथवा तिलक समारोह रहन गएको हो ।

तिलक दहेज दिन कन्या पक्षका विवसता हुन गएको छ । तिलक समारहेको मुख्य ध्येय नै तिलक को राशी लिनु रहेको छ । यसको विकृत रुप फैलिएर रकमको मुहाबली बढेर गएको छ । यसरी विवाह गर्नको लागि बर पक्षबाट रकमको मोल तील बढेर गएको छ । दहेजको कारणले गर्दा विवाह परम्परामा सनातन कालदेखि नै चल्दै आएको एक अनिवार्य विधि हो ।

### ४.३.९ विवाह

यादव जातिको समाजले विवाहलाई धार्मिक तथा दैवी संस्कारको रुपमा लिएको पाइन्छ । यसलाई सामाजिक जीवनको साझेदारीको रुपमा विकसित गर्न यो समाज पनि अगाडि आएको देखिन्छ । विवाह एक पुरुष एक नारीको आजीवन साथ साथ जीवन जीउने तथा वंश परम्पराको विस्तार गर्ने कार्यको लागि गरिएको एक समाजिक समझौता तथा धार्मिक कार्य हो । यिनीहरुमा सजातीय विवाहको परम्पारगत मान्यतालाई कठोरता पूर्वक पालना गर्दछ । यिनीहरु सजातीय विवाहमा सामाजिक परम्परा कायम गर्दछ । विवाह सम्बन्ध जोडने परम्परा अनुसार विधि विधानहरु पालन गरिन्छ । हाड नाता छुट्याउन डिह उलेख गरी मिलान गरिन्छ । डिह मिलाउने परम्परा पूर्ज देखि नै चल्दै आएको छ । पहिले पिता पत्रको ९ पुस्ता आमा पत्रको ९ पुस्ते डिह भने चलन भएपनि अहिले पितापक्षबाट ३ र आमा पक्षबाट ३ डिह उल्लेख गरी विवाह गर्ने गरेको पाइन्छ । डिह मिल्न गएमा वा केटा वा केटी पक्षबाट उस्तै नाम भएको डिह संकेत एक ओटा पनि उल्लेख भएमा सम्बन्ध रहदछ । एक आपसमा विवाह हुदैन । डिह नमिलेको खण्डमा विवाहको कुरा अगाडि बढछ । विवाहको एक एक विधिहरुमा वैवाहिक लोक गीतहरु गाउने चलन छ । यस समाजमा विवाह एक महŒवपूर्ण संस्कार मानिन्छ । विवाह संस्कार एवम् धार्मिक सामाजिक एवम् सामाजिक दुवै भएकोले विवाह कार्य अहिले पनि यस समाजमा रात्रीको समयमा मात्र गर्ने चलनछ । हाल कुनै न कुनै विवाह दिनमा पनि सम्पन्न हुन थालेका छन् । विवाहको लागि वर पक्षबाट बाजा , गाना , भाइभादर ,करकुटुब ,इष्ट मित्र हरु लिएर कन्याको घरमा जयन्ती पुग्ने परम्परा कायम छ । यस वर्ग महिलाहरु जन्ती वराती जाने परम्परा रहेको देखिँदैन । तर बर पक्षका नजिकको आफन्त महिलाहरु पनि जन्तीमा सामेल भएको देखिएको छ ।विधि विधान रसम गरी स्वाजनतीय पंडित वा ब्राहमण पंडितद्वारा वैवाहिक मंत्रहरु वाचन गरी विवाह सम्पन्न गर्ने परम्परा अध्ययनले देखाएको छ । यस

अध्ययनमा यादव जातिका घरमुलीहरुको बैवाहिक स्थिति मापन गरीएको छ । यस लाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं.१०यादव जातिका घरमुलीको विवाह गर्दाको उमेर स्थिती**

| क.स. | उमेर समुह | घरमुली संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १४-२० | ४६ | ४६ |
| २ | २१-२५ | ३८ | ३८ |
| ३ | २६-३० | १६ | १६ |
| | | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

उपयुक्त तालिकाबाट के देखिन्छ भने यादव जातिको घरमुलीहरुको विवाह १४-२० उमेर भित्र गर्नेहरु संख्या ४६(४६%)भएको पाईन्छ । त्यसैगरी ३८ (३८%) घरमुलीहरुले २१-२५ वर्ष उमेर भित्र विहेवारी भएको कुरा बताएका थिए । २६-३० वर्ष उमेरमा विवाह गर्ने घरमुलीहरुको संख्या १६ (१६%) भएको पाइन्छ । यस अध्ययनमा ७५ वर्षी वृद्धा व्यक्तिसँग पनि सोधपुछ गरी तथ्याङ्क सङ्कलन गरीएको हुँदा आज भन्दा करीब ५० देखि ६० वर्ष अगाडि गरीएको विवाहको उमेर अनुसार उपयुक्त भएको हुँदा पनि यस जातिमा सानो उमेरमा विवाह भएको हुन्थ्यो । हाल यस जातिमा विवाह गर्दा केटाको उमेर २० देखि २१वर्ष र केटीको उमेर १८-२० वर्ष लाई राम्रो मान्ने गरेको देखिन्छ ।  विवाह गर्दा केटाको उमेर भन्दा केटीको उमेर कम नै हुनु पर्छ वा बढी हुनु पर्छ भने कुरामा कुनै निश्चित नियम यस जातमा छैन । यस अध्ययनको क्रममा एक जना घरमुलीको (पुरुष) उमेर भन्दा आफ्नो श्रीमतीको उमेर बढी देखियो ।

**४.३.१०मृत्यु संस्कार ( अन्त्येष्टि संस्कार )**

प्रत्येक समाजमा अन्त्येष्टि संस्कारको आफनै तरीकाहरु अपनाएको हुन्छ । यस समाजले पनि जन्मदेखि मृत्युसम्मको संस्कारहरु अनाएको छ । मृत्यु संस्कारमा जन्म संस्कार जस्तो उत्साह , उमंग र भावना पूर्ण वातावरण हुँदैन । मृत्यु संस्कारमा शोक रुवावासी एवम् चिन्ताग्रस्त वातावरण हुन्छ । मृत्यु प्रान्त मृतकलाई घरको आगनमा उत्तरमुख दक्षिण तर्फ खुटा गरी सुताइन्छ । मृतकलाई घिउ , तेल , अगरवती , धुप , फूल आदि चढाई राखेको हुन्छ । छोरी

चेलीहरुको रुवावासी बढी पिडादाई हुन्छ मृतकलाई जलाउने चलन छ तर साना नानीहरु बच्चा आदिको मृत्यु भएमा जलाशय ,नदी नजिक गाड्ने चल्न छ । जलाउने कार्य नदीको किनारमा प्राय जसो गरिन्छ यहाँ मैनावती र कमला, नदीको तटीय किनारमा मृत्यहरुलाई जलाउने परम्परा रहि आएको छ । शब लाई घरको आँगनमा राखेर अगवरतीको धुप र घिउको दिप जलाएर एवम विभिन्न किसिमको तेलहरु लगाउने काम गरिन्छ । त्यसपछि शवलाई घर आगन द्वारामा लगि काचो बाँसको टाटिमा राखेर सेतो वस्त्र औढाई खरको डोरीले बाधि छोराहरु भजिता आदिले काँधथापी घाटसम्म पुऱ्याउने कार्य गर्छ । यस अवसरमा आफन्तहरु गाउँ समाजहरु कर कुटुम्बहरु समेत यस अवसरमा मलामी जान्छ । जस स्थानीय भाषामा कठियारी भनिन्छ । यसमा भाग लिएको हुन्छ । बुढाहरु उमेर पुगी मृत्यु भए कीर्तन भजन ढोल हरमोनिया बजाउदै राम नाम क्रितन गर्दै समसानसम्म पुग्छ । लासलाई उठाएर घाटतिर लानेवेलामा शंख फुक्दै पैसा तोरी कोदी आदि छरेर हिडछ । घाटमा दाउरा चितामाथि खरको झुकी बनाएर डोम जातिसँग आँगो खरिद गरी छकीमा आगो सल्काएर जेष्ठ वा कान्छो छोराद्वारा आगो दिइन्छ । मुखमा आगो दिने क्रममा पाँच पटक शवको चारतिर परिक्रमा गर्दछ । एक जना पाचक बस्छ । पाचक भन्नाले १३ औ दिनसम्मको क्रियाको क्रममा दाग वती दिने व्यक्तिलाई केही भएवा अस्वस्थ्य भएमा पाचक बस्ने व्यक्ति त्यो सम्पुर्ण संस्कार पाउदैन ।

शबको रुपमा स्त्रीको उसको शबलाई श्रृङ्गार गरिन्छ । यो श्रृङ्गार उसको श्रीमान् जीवितै भए सबको सिन्दुरमा सिन्दुर माथमा टिकुली आदि नारी श्रृगारहरु मात्र गरि उसलाई टाटीमाथि राखिन्छ । पुरुषहरुको हकमा विवाहित पुरुषको मृत्युभएमा उसको पत्नीको सिन्दुर सिन्दुरदानी र चुरा राखी दिन्छ । यसपछि उसको पत्नीले आजीवन सिन्दुर र चुरा लाउँदैन् । दागवती दिइसकेपछि लास पूर्ण रुपमा नजलेसम्म मलामीहरु त्यही बसीरहेको हुन्छ । दागवती दिने व्यक्तिलाई कर्ता भनिन्छ । कर्ता हुनेबेलामा सेतो वस्त्रको एउटा धागो बनाएर घाँटीमा घुन्टा पार राखिन्छ । जसलाई स्थानीय भाषामा हाल्का अथवा उत्तरी बोकेको भनिन्छ । यो अध्ययन क्षेत्रमारमपन्थी धर्म मान्ने हरु संख्या निकै भएको हुँदा उक्त धर्ममा कर्ताले उत्तरी लिने चलन पनि रहेको पाइएको छ । लास पूर्ण रुपमा जलिसकेपछि अर्थीलाई पानीमा बगाउँछ र अर्थीको रुपमा केही साथमा समेत ल्याउने गर्दछ । जसलाई पछि गंगामा गई बगाउने गर्दछ । मलामी एवम जलाउने कार्य सम्पन्न गरी सकेपछि आफ्नो घर फर्कि नुहाइ धुयाइ गरी मात्र खाना खाने

चल्नछ । यो संस्कारको चलनमा  तेराइत, सतलहन ,नहकेश ,श्राद्ध,सम्पीण्डन र बर्खी जस्ता कार्यहरु सम्पन्न गरिन्छ ।

श्राद्ध : हिन्दु वर्णव्यवस्था भित्रका यो जातिको श्राद्ध कर्मलाई मुख्य कर्मको रुपमा लिएको छ । श्राद्ध कर्ममा आगो दिने कर्ता सहित ब्राहमण पंडित सहित पोखरी वा रुखको तल बसी यहा विभिन्न पूजा पाठको सामग्री सहित बसी पिण्डदान गर्छ । यो पिण्ड अरुवा चामललाई शुद्ध पूर्वक घरमा छोरी चेलीहरु द्वारा तयार पारिएको हुन्छ पिण्ड दान कार्य ब्राहमणद्वारा सम्पन्न भएपछि साँझ पख जातीयपरम्परा अनुसार भोज खान्छ । जहाँ जाति भोजन अथवा जातीय समाजले क्षमता अनुसार तोके बमोजिम भोज हुन्छ तर समाज कर लागाएर  साझा भोज पनि गराएको पाइछ भने आफनो क्षमता वा समाजमा नाम कमाउनको लागि आफै पनि साझा भोज पनि गरेको यस अध्ययनबाट देखिन्छ ।



तस्वीरः यादव जातिको सभा भोज गोलबजार न.पा. ८

तस्वीरः यादव जातिको सभा भोज गोलबजार न.पा. ८



तस्वीरः यादव जातिको सभा भोज गोलबजार न.पा. ८

### ४.३.९ भाषा, भेषभुषा र रहनसहन

विश्वमा सबै मानिसहरुको लागि आफ्ना मनको भावना विचार , कुण्ठा आदि विनियम गर्न कुनै न कुनै भाषाको जरुरत पर्दछ । नेपालमा बसोबास गर्ने विविध जात-जातीका मानिसहरुले पनि आ-आफना भावना प्रकट गर्ने माध्यम उनीहरुले प्रयोग गर्दै आएको मातृभाषा नै हो । यादव जातिले पनि परापूर्व काल दखि नै आफ्नो मातृभाषाको रुपमा मैथली भाषालाई बढी प्रयोग गर्ने गरेको देखिन्छ । यस जातिको मैथली भाषा वाहेक अर्को छुटै भाषा भएको पाइदैन । भेषभुषाको रुपमा महिलाहरु सारी, बलाउज ,साया, कुर्ता, सलवार पहिरन लगाउँछन । पुरुषहरु पैन्ट सर्ट, बुढो धोती,कुर्ता, केटाहरु जिन्स ,पेन्ट , भेस्ट लगाउँछन् तथा मौसम अनुसार पहिरन फरक फरक हुन्छ । जाडोमा कोट , पैन्ट , मौजा, जुत्ता , जर्सी , ज्याकेट लगाउने गर्छ भने बूढा पकाहरु पनि ट्राउजर माथि धोती र स्विटर माथि कमिज लगाउने गर्छ । गर्मी महिनामा जुत्ता भन्दा चप्पल बढी लगाउने गर्छ । महिलाहरु गहना लगाउने चाहना राखेको हुन्छन् । नाक, कान, गलामा खुट्टामा पायल लगाउन चाहेका हुन्छन् । नथिया बाली मंगलसुत्र,हसुली,आदि लगाएको पाइयो ।

### ४.३.१० धर्म

हिन्दु धर्मको अनुसार गर्ने विभिन्न जातिहरु मध्ये यादव जाति पनि एक हो । तर यादव जातिहरु हिन्दु धर्म भित्रै विभिन्न पंथ अनुसार आफ्नो धार्मिक गतिविधि सञ्चालन गरी धर्मकर्म गरेको अध्ययनले देखाएको छ ।

**तालिकानं. ११ यादव जातिले अनुसरण गरेका हिन्दुधर्म भित्र विभिन्न पंथ अनुक्ररण**

| क.सं. | धर्मको विवरण | पंथको विवरण | परिवार संख्या | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | हिन्दु धर्म | राम पन्थी धर्म | १०० | ६११ | १०० |
| २ | हिन्दु धर्म | कबिरपन्थी धर्म | ० | ० | ० |
| ३ | हिन्दु धर्म | ओशो पन्थी धर्म | ० | ० | ० |
| ४ | हिन्दु धर्म | राधा स्वामी | ० | ० | ० |
| ५ | क्रिश्चिय धर्म | जेसिस काइस्ट | ० | ० | ० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

उपयुक्त तालिकाबाट पनि स्पष्ट हुन्छ कि एउटै वडा भित्र बसोबास गर्दै आएका एउटै जातिका व्यक्तिहरुको पनि हिन्दु धर्म भित्रै रहेर विभिन्न पंथ अनुसार फरक फरक मान्यता रहेको पाइन्छ । यस जातिहरु मध्ये अध्ययनका लागि छनौट गरिएको कुल जनसंख्या १०० % प्रतिशत जनसंख्या हिन्दु धर्म भित्र १०० राम पन्थीधर्म १०० प्रतिशत कबिर धर्म ० ओशो धर्म ० राधा स्वामी धर्म ०. अनुसरण गरेको छ भने क्रिश्चिन धर्म अनुसार गरी पाइएन् । जे होस् यस जातिका हिन्दु धर्मावलम्बीहरुले चाहि हिन्दु धार्मिक ग्रन्थमा आधारित धार्मिक परम्परा र संस्कारहरु भन्ने अपनाउने गरेको पाइन्छ । ्

प्रस्तुत तथ्याङकबाट यस जातिमा पनि धर्म प्रतिको स्वतन्त्रता विद्यमान रहेको पाइन्छ ।

### ४.३.१०(क) चाडपर्व

हिन्दु धर्मलाई निकै अनुसरण गर्ने यी जातिहरुले हिन्दु धर्ममा मानिने चाड पर्वहरु नै मान्ने गर्दछन् । जुडशितल , नागपञ्चमी , राखी बन्धन , कृष्णजन्म अष्ठमी , चौठी चाँन , जीतिया पर्व ,दसहरा दशमी , दिवाली , भरदुतीया (भाइ तिहार ) , छठ पर्व , समाचकेवा , माघेसंक्रान्ति , सरस्वती पूजा , होली (फगुवा), रामनमी जस्ता चाडहरु मानाउने गर्दछन् ।

जुडशितल (सिरुवा)नयाँवर्षः- हिन्दु धर्म र दर्शनमा आस्थावान यस समाजले विभिन्न अवसरहरुमा आ-आफ्नो मूल्य र मान्यता अनुसार विभिन्न पर्व र त्योहारहरु मनाउने गर्दछन् । जसअनुसार प्रत्येक वर्षको वि.सं.को परारम्भमा वैशाखको १,२ गते तिर ठूलाले सानोलाई शिरमा जल छर्केर आशिर्वाद दिने प्रचलन रहेको छ । यसको साथै २ गतेको सूर्य उदय भन्दा अगावै विभिन्न प्रकारको सब्जी,व्यञ्जन ,तरुवाहरु पकाइ सूर्य उदय पछि खाने भएकोले त्यस पर्वलाई २२ पर्व समेत भन्ने चलन्छ । यसरी नयाँ वर्ष बि.स. को प्रारम्भमा यसरी यो पर्व मनाइएर वर्ष भरी मंगल कामना गरी यो पर्व मनाइन्छ । यस पर्वको अवसरमा एकले अर्कालाई आफूकहाँ बोलाएर तयार पारेको परिकारहरु खुवाउने चलन रहेको छ । एकले अर्कालाई नयाँ वर्षको हार्दिक मंगलमय शुभकामना सटासट गर्दछ । यस पर्वमा खानपिनमा प्रयोग गर्ने परिकारहरु व्यञजनहरु

फुलोरी :- एक किसिमको चामलको पिठोको गोला परिकार

उदोरी :- विभिन्न तरकारीलाई गोलो परिबनाइएको र सुकाएको परिकार ।

बरी :- बेसनलाई गोलो बनाइ तेलमा पकाएको

तरुवा :- आलु , भन्टा, टमाटर, कोबी, केरा,प्रवल ,भिन्डी आदीलाई चिरेर मशाला हालि वेशन लगाएर पकाएको परिकार

चटनी : पुदिना , धनिया पात , अमिलो चिजविज  मिलाएर बनाएको पिसेर तयार पारेको परिकार

कचरी :- प्याजलाई उतारेर (काटेर) वेशन मिलाइ चरेटो अकारमा बनाएर तेलमा पकाएको परिकार

चपः- आलुलाई तातेपानीमा पकाएर , त्यसको बोक्रो हटाएर चटनी बनाइ वेशनमा लगाइ तेलमा छानेर बनाएको परिकार लगायत यस अवसरमा खानामा खाने गर्दछन् ।

**४.३.१०(ख) नाग पञ्चमी :-**

यस समाजमा नागपञ्चमीलाई घरमा आफ्नै मान्यता बमोजिम बनाउने परम्परा रहे आएको छ । जसअनुसार यिनीहरुले आफ्नो कुल देवता घरमा पुजा आजा गरी दुध र धानको लावा भुटेर नाग देवतालाई दुध र लावा छर्कानाले  नाग देवता दुध र लावा ग्रहण गरी समायीक मृत्युबाट बच्न मद्दत गर्दछ ।  धनको रक्षा गर्दछ  । यस समाज यस पर्वलाई प्राकृतिक पुजाको रुपमा समेत लिने गरिएको छ ।  श्रावण शुक्ल पञ्चमी तिथिमा मनाइने यो उत्साव नागपञ्चमीको रुपमा यस जाति समाजमा मनाउने प्रचलन रही आएको छ ।

**४.३.१०(ग)राखी / रक्षा बन्धन**

प्रत्येक वर्षको श्रावण शुक्ल पूर्णिमाको  दिन विशेष उत्साह एवम् उमंगको साथ मनाउने यो पर्वमा पहिला पहिला पुरोहित ब्राहमणहरु घरमा आएर सबैको हातमा रक्षाको सुत्र धागो रातो वा पहिलो धागो हातमा बाधि आशिर्वाद दिने चल्न रहेको थियो । विस्तारे विस्तारै बहिनी वा दिदीहरुले दाजु भाइको हातमा रक्षाको प्रतीक धागो बाँधेर संकटबाट रक्षा गर्न कामना गरिन्छ । यस अवस्थामा आफ्नो घरको पुराहित बाहुन हरुलाई चामल रुपैया आदि दान गरिन्छ । दाजु भाइले साडी , साया , ब्लाउज , नगद तथा मिठाई उपहार दिने चलन छ ।

**४.३.१०(घ) कृष्ण जन्माष्टमी**

भाद्र महिनाको कृष्ण पक्षमा भगवान श्री कृष्णको जन्म उत्सब अन्य हिन्दु धर्मावलिम्विहरुले मनाउँने पर्व हो । यिनीहरु समेतले यो पर्व मनाउछन । यो पर्व खास गरी आफूले चिताएको मनोकामना पुरा गर्न भाकल गरी गरेपछि भाकल भए बमोजिम कृष्णको मूर्ती माटोले

निर्माणगरी सोको पुजा आजा समेत गरिन्छ । यस अवसरमा रातभरि पुजा पाठ गरी अर्को दिन नजिकैको जलाशयमा मुर्तीलाई विसर्जन गर्ने गर्दछ । भगवान विष्णुले अवतारको रुपमा कृष्णलाई लिने गरिन्छ । यस अवसरमा सार्वजानिक रुपमा बनाएको मूर्तीहरुमा मेला समेत लगाउने गर्दछ ।

४.३.१० (ङ) **चौठीचान ( चौरचन)**

यो पर्वमा आँगनमा लिपपोत गरी घरको महिलाको दिनभर निराहार बसी , आफैले पकाएको खिर , पुडी, केला , नरिवल , अम्बा , पान, सुपारी लगायत सामग्रीहरु तथा माटोको भाँडोमा जनाएको दही चाँद (चन्द्रमा ) लाई चढाइ धुप अगरबती बाली पुजापाठ गर्ने चलनछ साथै सोही ठाँउमा पुरुषहरुमात्र सो चढौंना प्रसादको रुपमा खाने चलन छ । यो पर्व गर्नाले चर्मरोग (व्याधी) घरमा प्रवेश गर्न पाउँदैन । सुख : शान्ति एवम् धनको प्राप्ति हुन्छ ।

**जीतीया पर्व**

यो पर्व अशोज महिनामा मनाउने पर्व भएपनि तिथीमा कहिले काँही घटबढ समेत हुन सक्छ । यो पर्व महिलाहरुले मात्र मनाउने गर्छ । यो पर्वको अधिल्लो महिनाको महिलाहरुले दिनमा पोखरी एवम् नदीको किनारमा नुहाएर घिरौलाको पातमा तोरीको तेल खैर जितमानलाई चढाएर अनिमात्र खाने चलन छ । यस पछि सप्तमी तिथिको रात्रीको नुहाएर प्रभातको समयमा पुण : नुहाएर , दही ,चिनी,सक्खर, च्युरा , केला पनि सुपाडी धुप अगरबती हल्दीको पातमा चढाएर इच्छाअनुसार खानाखाई अष्टमी तिथिथमा पुर्ण रुपले उपवास बसी ९ बी तिथिमा घिरौलाको पातमा चामल , केला , चिनी , केराउको दाल पान सुपाडी चढाएर जितमाहन देवताको पुजाबारी व्रत वस्नेले व्रत तोरिन्छ यसरी जीतिया पर्व सम्पन्न गरिन्छ । जीतमहानको पूजा गर्नाले आफ्ना सन्तान निरोगी स्वास्थ्य रहने तथा बढि उमेर जिउने विश्वास राखेको छ ।

**दशहारा दशमी**

यस समाजले मनाउने विभिन्न चाड पर्वहरुमा दशहरा अथवा दशमी पनि एक महत्वपूर्ण चाड हो ।हिन्दु धर्म र संस्कृतिमा आस्थावान समाजले दशहरा , दशमीको पहिलो दिनलाई कलश स्थापना घट स्थापन)को दिनको रुपमा लिइन्छ । कलश स्थापना गर्दा घर कुल देवता पुजा आजा गरी कुलदेवताको छेउमा एउटा पितलको लोटा अथवा माटोको कलशमा पानी भरेर

ओच्छयाएको  वालु माथि गहुँ , अवथा जौ छरिन्छ । यो माथि कलश राखिन्छ कलश स्थापनादेखि  दशमी सम्म दिनुहुँ  कुल देवताको पुजा गर्दछ । दशमीको भोली पल्ट "जात्राको दिन " कलशमा राखेको सामग्री नजिकै को जलाशयमा  बगाइन्छ । तर त्यो सबैले अनिवार्य रुपमा गरेको पाइँदैन  । कलश स्थापनाको दिन  देखि दशमी सम्म दैनिक नजिककै देवी मन्दिर तथा कुल देवताको पुजा आजा गरी बिताउँछन ।भने सप्तमीका दिनमा बलि दिने कुल देवता भएकाहरुले बोका, भेडा पाठी , आदि बली दिई पुजा गर्ने चलन  छ । बली दिन नमिल्ने कुल देवताहरुमा खास गरी काली वन्दी , भगवती  गहिल हुने गर्दछ । बली दिन नमिल्ने कुलदेवताको घरमा यसरी बली पुजा गर्दा कसैको सप्तमी, कसैको अष्टमी  तथा कसैको नवमीको बली दिने चलन  रहेको छ । यसरी बली लिइएको बोका , भेडा , पाठा पठीको मासु प्रसादको ( रुपमा सजातीय भित्र) रुपमा खाने चलन छ । दशैको दिन अथवा , दशमीको दिनमा नजिकको मेला गर्ने चलन छ । दुर्गा , भगवती , काली , आदि देवी देवताहरुको माटीको मूर्ती निर्माण गरी सार्वजनिक रुपमा बनाएको चौक, हाटबजार जस्तो ठाँउमा मेला लाग्ने गर्दछ । दशैको भोली पल्ट अथवा जात्रा सकिएर मूर्तीहरु  जलाशयमा विसर्जन गर्ने गर्दछ ।

**दीपावली**

ऋतुवर्षको रुपमा मनाउने यो चाड पनि यहाँको हिन्दु समाजको अरु जात जातिहरु झै यो समाजले पनि यस अवसरमा गाई गोरु तथा दिदी बहनीले दाजुभाइको पुजा गरेर सबै प्राणीहरुलाई समान गर्न सिकाउने अँध्यारो रातलाई चेतनारुपी दियो बालेर मनाउने गरेकोले यस चाडलाई दीपावली समेत भनिन्छ । यसै दिन धनका देवी लक्ष्मी माताको पुजा समेत गरिन्छ । माटोबाट बनेको दिया सरसौ , तोरी आलस जस्ता बस्तुको तेल हालेर कपासको बती बनाइ दियो घरको ढोका , कुल देवताको घरमा , आगनमा हाटमा तथा खेतवारीमा समेत राखिन्छ दियोले झकिझिकाउ हुने यो दिन भएकाले यस दिनलाई दियाबती समेत भनिने गरिन्छ । रातमा लङ्ग मुङ्गबा मिठाइ फलपूल धुप अगरबती एवम् विभिन्न प्रकारका पूजन सामग्रीहरु प्रयोग गरी माता लक्ष्मीको पूजा पाठ गरिन्छ ।

**छठ पर्व**राइको अन्य जात जातियहरुको व्यक्तिले मनाए झै यादव जातिका व्यक्तिहरु पनि छठ पर्व मनाएको पाइन्छ । सुर्य देवता अथवा छठी माता  संग गरीको भाकल बमोजिम फल प्राप्ती पछि मनाइने पर्व भएकोले भाकलबाट फल प्राप्त गर्नेहरुले यो छठ पर्व मनाएको पाइन्छ ।



**तस्वीरः छठपर्व  गोलबजार न.पा. ८**

छठ शब्द संस्कृति षष्टी शब्द अपभ्रस हो ।  पञ्मीमा नुन बिनाको भोजन , षष्ठीमा निर्मल उपवास , र सप्तमीमा सामापन गरी यस पर्वको तिथिहरु षष्ठी तिथि  महत्वपूर्ण भएको हुनाले नै यो पर्व छठ नाउँबाट प्रसिद्ध भएको छ । (डा. शर्मा , क्रिषि प्रसाद, नेपाल राष्ट्रिय चाडपर्व , पेज १३९ , २०६३, काठमाडौ

**समाचकेवा**

यो पर्व छठ पर्व समापन भएको नवौ दिन पछि मनाइने पर्व हो । सामा भाइ र चकेवा बहिनीको प्रतीकको रुपमा रहेको यो पर्व तराइका अन्य विभिन्न जात जातिहरुमा प्रचलित रहेको पाइन्छ । माटो विभिन्न सातवटा प्रतिमाको रुपमा साना साना मुर्तिहरु बनाएर गरिने यो पर्वमा भाइहरुलाई अगाडि राखि दिदी बहिनीहरुले गाउँदै रात्रीको समयमा मनाउने पर्व रहेको छ तर हाल यो पर्व मनाउने महिलाहरुको संख्या कम रहेको अध्ययनले देखाएको छ ।

**माघेसंक्रान्ति**

यस पर्वमा तिला संक्रान्ति पनि भनिने चलन छ । तिला संक्रान्ति पर्व कहिले देखि प्रारम्भ भयो भने बारेमा सामाज अनभिज्ञय रहेको छ । यो पर्व विशिष्ट हर्षोल्लासका साथ मनाउँदैछन् संक्रान्तिको अर्थ एउटा ठाउँबाट अर्को ठाउँमा जानु  अर्थात्  एउटा अर्को संग मिल्नु यसरी जुन दिन सूर्य एक राशी देखि अर्को राशीमा प्रवेश गर्छ । यस दिनलाई संक्रान्ति भनिन्छ ।

यस पर्वमा टिल जलमा डबुल्की मारी स्नान गरी विभिन्न परिकारहरु खाने यो पर्वमा गाउँ बस्तीको नजिक रहेको नदी , नालाहरुको किनारमा मेला समेत लाग्ने गर्दछ ।  यस पर्वमा तिल, नयाँ चामलको खिचडी , सकखर गुड मिसाएको तिलको लाई लड्डु , चुराको लड्डु मुरही ( भुजा)को लड्डु समेत खाने चलन छ ।

**सरस्वती पुजा**

विद्या की देवी सरस्वतीको पूजा यस समाजका विद्यार्थीहरुले आ-आफ्नो स्कुलहरुमा सामुहिक पूजा गरी मनाउँदछन । कसैकसैले आ-आफ्नो घरमा माटो  बाट सरस्वतीको मूर्ति बनाई पूर्ण रुपमा श्रृङगार गरी दिनभर पूजा अर्चना गरीकन विहानपख नजिकैको पोखरी तलाउ अथवा नदीमा विसर्जन  गर्दछन । मूर्ती बनाउँदा सरस्वतीको हातमा ज्ञानको प्रतीक पुस्तक संङ्गितको प्रतीक वीणा एकाग्रताको प्रतीक माला, हाँसको बहानको रुपमा बनाएको हुन्छ यस दिन विद्याकी देवी सरस्वती पुजाको दिन बच्चाहरुलाई अक्षर आरम्भ समेत गर्ने प्रचलन रहेको पाइन्छ ।

**होली /होरी**

श्रीपञ्चमी देखि गाँउघरमा होली गीत गाउँने प्रारम्भ हुन्छ  । होली पर्व फागु पूर्णीमाको दिन विहान देखि नै सवैले घरमा लिपोत गरी सफा -सुग्धर गरी कुल देवताहरुको पुजा पाठ गरिन्छ । घरमा पुवाँ, खिरपकाएर कुलदेवतालाई चठाउने प्रचलन रही आएको छ । यसको साथ साथै देवर भाउजु , नन्द भाउजु , साली भेना, बीच हाँसो ठट्टा गर्ने सम्बन्धमा रंग एवम् अवीर छर्कने तथा रंग अबीर साटासाट गर्ने तथा जीउमा मुखमा रंग अबीर दलेर खुशीयाली मनाउने चलन छ । साना साना बालबालिकाहरु युवा युवतीहरु एक आपसमा पिचकारीले रंग अबीर छरेर होली मनाउँछन । रंग अबीरको यो पर्वमा सबै गाउँले युवा युवतीहरु एक आपसमा रंग साटासाट गरी सकेपछि बूढापाका एवम् युवाहरुले ढोल , डम्फा, ढोल, आदि बजाउदै , होली गीत गाउँदै

एक अर्कोको घरमा होली खेल्न जान्छ ।यसरी घरघरमा होली गाउँदै जाँदा त्यस घरको मुलीबाट रंग अबीर लगाएर सबैको स्वागत गर्दछ । आफ्नो गाउँ अनुसार होली गाउँनेहरुलाई रुपैया धान, चामल आदि प्रदान गर्दछ । यसरी संकलन भएको धान चामल रुपैया पैसाबाट यिनीहरुले सामाजिक कार्यमा खर्च गर्दछ । दिनभरको होली खेलपछि राती गाउँको दुई सिमानामा होली दहन गरेपछि होली विधिवत समाप्त भएको मानिन्छ ।

**रामनवमी**

चैत्र शुक्ल नवमीको दिन भगवान रामको जन्म भएको हो । यस दिनलाई रामनमीको रुपमा समाजले मनाउँद्छ । यस पर्वको कथा त्रेता युगको अयोध्याका राजा दशरथका ज्येष्ठा छोरा श्री रामचन्द्रले रावनसंग लंकाका रावणको वध गरेर लंकालाई अन्याय बाट मुक्त गरेको थिए । राम एक वीरपुरुष र मर्यादा पुरुषोत्तमको रुपमा मात्र समेत यो समाजले मान्दछन् रामनवमीको दिनमा माछा, मासु खाँदैन , कसैकसैको घरको आँगनमा हनुमानको प्रतीक राखिएको वाँसको ध्वजा फेर्ने काम गर्दछ । कोही कोही जनकपुरमा गएर राम सीताको मन्दिरमा दर्शन गरेर आउने गर्दछ गाँउमा राम नामको जप अष्टजाम भगवत कीर्तन गर्ने कार्य समेत गरेको हुन्छ । अतः समाजमा यस प्रकारले रामनवमी लाई मनाउँदै घरमा मंगल एवम् सुख शान्तिको कामना गर्दछ ।

**४.३.११ संस्कृति परिर्वतन**

यादव जाति पनि हिन्दु धर्मका अनुयायी भएका कारण उनीहरुका संस्कार पनि हिन्दु धर्मालम्बीसंग मिल्दो जुल्दो नै हुन्छ । मानिसजन्मदेखि मृत्यु पर्यन्त र मृत्युपछि पनि आफ्ना सन्तानहरुको माध्यमले अनेकन संस्कारहरु गर्ने जातिमा पर्दछ जन्म संस्कारकै कुरा गर्दा पहिला पहिले यी जातिले घर मै सुत्केरी गराउँने चलन थियो भने अहिले गर्भवती अवस्थामा नियमित जाँच गराउनु पर्दछ र सुत्केरी गराउदा पनि सुरक्षित तरिकाले अस्पतालमा वा तालिम प्राप्त स्वास्थ्य कर्मीहरुद्धारा गराउनु पर्दछ भन्ने भावना पैदा भएको छ । त्यसैगरी अन्य जातिमा झैं बच्चा जन्मेको ५-६ महिनामा अन्न प्राशनको कार्य पनि आफ्नो आर्थिक अवस्था अनुसार धुमधाम मनाउने चलन पनि आएको देखिन्छ विवाहको कुरा गर्दा पहिले पहिले सानै उमेरमा विवाह गरिदिने तथा विवाहकोलागि बाबु आमाले नै केटाकेटी खोजिदिने चलन थियो भने अहिले आएर विवाह गर्ने उमेर बढ्नुका साथै प्रेम विवाह गर्ने चलन पनि पहिला भन्दा विस्तारै बढेको

देखिन्छ । बाल बालिका पढाउन उमेर पनि पहिला भन्दा फरक देखिएको छ । पहिला आफ्ना बाल बालिका ५-६ वर्ष पुरा भएपछि मात्र स्कूल भर्ना गर्न पठाउने भन्ने अहिले ३-४ वर्ष पुरा भए पश्चात पाइभेट स्कूल तथा सरकारी स्कुल पठाउने गर्ने गरेको छ । भेषभुषाका रुपमा पुराना पुस्ताका महिला सारी , ब्लाउज , चोलो, साया , पटुका आदि पहिरन लगाउँछन भने नयाँ पुस्ताका केटीहरु कुर्ता सुरुवाल तिर उन्मुख भएको जिन्स पैन्ट भेष्ट ज्याकेट , त्यसैगरी पुरुषहरु धोती, कुर्ता, कमिज, सुरुवाल आदि लगाउने गर्थे भने अहिलेका केटाहरु सर्ट , पाइन्ट जुता मोजा बढी रुचाउँछन् तर गाउँका बूढाहरु भने धोती कुर्ता लगाउन छाडेको छैन भनि अध्ययनले देखाएको छ ।

## अध्यय पाँच

## सारांश,निष्कर्ष र सुझावहरु

### ५.१ सारांश

नेपाल चार जात छत्तीस वर्णका मानिसहरु बसोबास गर्दै आएको एउटा साझा फुलबारी हो । यहाँ विभिन्न जात जातिका मानिसहरु युगौ देखि बसोबास गर्दै आएको छन् । भौगोलिक विविधता भएको यो देशमा विभिन्न किसिमका धर्म मूल्य , मान्यताहरु बेकेका मानिसहरु बसोबास गर्दछन् । प्रदेश नं. २ राजधानी देखि पूर्व टाँसिएको जिल्ला सिरहा , गोलबजार नगरपालिका वार्ड नं. ८ का यादवहरुको सांस्कृतिक अवस्थाको बस्तुस्थित बुझ्ने उद्देश्यले यस ठाउँलाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । यादवहरु हिन्दु धर्म मान्ने जातिहरु अन्तगर्त पर्दछन् । जुन नेपालको तराई भागमा बढी बसोबास गर्दछन् । यिनीहरुको अन्य जातिको झै सामाजिक सांस्कृति परम्परा मूल्य मान्यता रहेको पाइन्छ । यहाँ यादवहरु आफ्नो दैनिक गुजारा चलाउन परपम्परा पेशा खेतीपाती कृषि , पशुपालन , जागिर साथै खाना व्यापार , व्यवसाय र विभिन्न आर्थिक लगानी, संघ संस्थामा आवद्ध र युवाहरु शौक्षिक रोजगार तर्फ बढी आकर्षित भएको देखिन्छ ।

यो अध्ययनको मुख्य उद्देश्य भनेको यसवडामा यादवहरुको सांस्कृतिक आर्थिक अवस्थाको पहिचान गर्नु हो । यस कार्यमा अनुसन्धान गर्न अन्तर्वाता अवलोकन विधिलाई प्रमुख मानिएको छ । यो वर्णनात्मक र विश्लेषणात्मक किसिमको अनुसन्धान हो । तथ्याङ सङकलन गर्नको लागि प्राथमिक स्रोत र द्वितीय स्रोत प्रयोग गरिएको प्राथमिक किसिमको तथ्याङ्क संकलन गर्न अन्तवार्ता , अवलोकन विधि प्रयोग गरिएको छ । यहाँका यादवहरुको सामाजिक , सांस्कृतिक तथा आर्थिक अवस्था विभिन्न पक्षको सांराश निम्न प्रकारले प्रस्तुत गरिएको छ । जन्म घरमा तथा अस्पतालमा गराएपनि ५ दिन सम्म , सुत्केरी घरभित्र बढी छठिया। गर्ने छठिहारको दिन सुत्केरी तथा बच्चालाई नुहार्य धुवाई गरी नयाँ वस्त्र पहिराइ छठीमाताको पुजा , पाठ गर्ने चलन छ । बच्चा ६ महिना भएपछि घरका जेष्ठ सदस्यबाट अन्न प्राशन ( पहिले चोटी अन्न खुवाउने ) कार्य प्रचलन छ ।

विवाहको कुरा गर्दछ मागि विवाह गर्ने चलन छ । तर आज भोली कतै कतै प्रेम विवाह पनि गर्न थालेको छ । केही मात्रा अन्तर जातीय विवाह पनि गरिन्छ ।

मृत्यु हुँदा घाटमा लैजाने जेठो अगुवा कान्छो छोरा मध्ये हुनै एकले दागवती दिने र एउटा भाइ पाचक बस्ने र १३ दिन सम्म कृया बसी जातीय परम्परा अनुसार भोज भतेर गरी सधै भइ अन्ति संस्कारको रुपमा पंडित बाहुन (हजामा ) लाई दान दिइने प्रथा रहेको पाइन्छ । यिनीहरु धर्मकर्ममा विश्वास गर्दछन् । धेरै जसो देवी देवतामा विश्वास गर्ने , भुत प्रेतमा विश्वास गर्ने , पुजापाठ गर्ने, झराउँने , फुकाउने र घरको कुल देवताको पुजा गर्ने गर्दछ ।

यहाँको यादवहरु चाड पर्वहरु जुडशितल , नागपंचमी , रक्षाबन्धन, कृष्ण अन्माष्टमी ,चोठी चान ( चौरचन) जितिया , दशहरा दशमी , दीपावली , छठपर्व, समाचकेवा , माघे संक्रान्ति, सरस्वती पुजा , हाली पर्व रामनवमी आदि मनाउँदछन् । औधोगिकीकरण , पश्चिमीकरण , शिक्षाको कारणले , शिक्षा कृषि प्रणली , जातीय भावना , जन्म विवाह ,मृत्यु , संस्कार राजीती आदिमा परिर्वतन भएको छ । यस वडामा बसोबास गर्ने यादव जातिको शैक्षिक अवस्थालाई हेर्दा ४ देखि १५ वर्ष उमेरका बाल बालिकाहरु मध्ये ४४.८ प्रतिशत बालक र ३१.२२ प्रतिशत बालिका गरी १७.१९ प्रतिशत बालबालिकाहरु पुर्व प्राथमिक कक्षा अध्ययनरत बालबालिकाको संख्या ३८ जस मध्ये १३ बालक र १५ बालिका रहेको छन् । १-८ सम्म कक्षा अध्ययनरत बालबालिकाको संख्या १३० देखिन्छ जस मध्ये बालक संख्या ७६ र बालिकाहरुको ४५जना अर्थात ५८.८३ प्रतिशत जनसंख्या रहेको छ । साथै ९-१२ सम्म कक्षा अध्ययनरत बालबालिकाको संख्या ५३ देखिन्छ जस मध्ये बालक संख्या ३४ र बालिकाहरुको १९ अर्थात २३.९८ प्रतिशत बालबालिकाहरु ९-१२ सम्म कक्षा अध्ययनरत देखिन्छन । स्नातक पास गर्ने पुरुष १४ र महिला ७ जना पाइयो । स्तात्तोकर पास गर्ने पुरुष ७ र महिला पाइन्न । भने १ जना पुरुष विद्यावारीधि गरेको पाइयो ।

यस वडा नं. ८ को जनसंख्यालाई हेर्दा ०-१० वर्ष उमेर समुहका ५.४३ प्रतिशत र ११- १५ वर्ष सम्मका उमेर समूहको जनसंख्या कुल जनसंख्याको १.३३ प्रतिशत रहेको देखिन्छ । त्यस्तै गरी १६-२० वर्ष सम्मको उमेर समूहका जनसंख्या २.५३ प्रतिशत रहेका छन् । २१-२५ वर्ष सम्मका जनसंख्या कुल जनसंख्याको २.७७ प्रतिशत रहेको छन २६-३० वर्ष सम्मको उमेर समूहका जनसंख्या ३.०८ प्रतिशत रहेको छन् । ३१- ४० वर्ष सम्मको उमेर समूहका जनसंख्या ७.४५ प्रतिशत रहेको छन् । ४१- ५० वर्ष सम्मको उमेर समूहका जनसंख्या ६.०१ प्रतिशत रहेको छन् । ५१- ६० वर्ष सम्मको उमेर समूहका जनसंख्या ३.८३ प्रतिशत रहेको छन् । ६०

वर्ष भन्दा बढी सम्मको उमेर समूहका जनसंख्या कुल जनसंख्याको ६७.५७ प्रतिशत र ७५ वर्ष भन्दा माथिका जनसंख्या २.०४ प्रतिशत रहेको देखिन्छ । अन्य जातिले जस्तै खानाको रुपमा यादव जातिले पनि दाल, भात, तरकारी , रोट , मासु, मकै ,भटमास, सखरखण्ड , पिडालु उसिनेर खाने गर्दछन् । पोसाक हकमा धोती, कुर्ता ,गमछा, गञ्जी सर्ट, पेन्ट, कोट, पुरुषले लगाउछन भने साडी बलोज कुर्ता सरवाल आदि महिलाले लगाउने गर्दछन् ।
यस वडामा मुख्य उत्पादन गर्ने बालीहरु धान, गँहु ,आँउस, मकै , मरुवा , राहर , आलु , खेसारी तरकारी खेती हुनुका साथै घरमा पालिने मुख्य पशुपन्छीहरु भैंसी गाई बाखा र परेवा हुन् । यहाँका मानिसहरुको कृषिमा ६० प्रतिशत , नोकरीमा १५ प्रतिशत वैदेशिक रोजगारमा २१ प्रतिशत र अन्यमा ४ प्रतिशत संलग्नता रहेको पाइन्छ ।

## ५.२ निष्कर्ष

यादव जातिको सामाजिक सांस्कृतिक अवस्थाको अध्ययन गर्दा यस जातिऐतिहासिक काल देखि नै उत्पति भएको क्षेत्री समूह अन्तरगत पर्ने हिन्दु धर्मबाट प्रभावित जातिका रुपमा लिइन्छ । तैपनि यस वडामा बसोबास गर्ने यस जातिमा धर्म प्रतिको स्वतन्त्रता र असमान्ता पाइन्छ । यस जातिको कुल जनसंख्याको १०० प्रतिशत राम पन्थी हिन्दु धर्म अपनाएको देखिन्छ । समाजका अन्य जात जाति सँगै बसोबास गर्ने यस जातिको बसोबास रहनसहन शिक्षाको अवस्थामा पनि स्थानीय वातावरणलाई आएको परिवर्तन सँगै परिवर्तन आएको पाइन्छ । यस वडाका जातिको पारिवारिक बनौट लाई हेर्दा एकल परिवार ६९ प्रतिशत , संयूक्त परिवार २६ प्रतिशत र बृहत परिवार ५ प्रतिशत यस वडामा रहेको देखिन्छ । समाजमा अन्य भावनाले दविएको यादव जाति शिक्षाको उज्यालो प्रकाश तिर लम्कन लागेको आभास यस जातिका बालबालिकाहरुको शैक्षिक विवरणले सपष्ट पारेको छ । नेपालमा अन्य जातिहरुको जस्तै यस जातिमा पनि महिलाका स्थिति पुरुषहरु भन्दा बमित अवस्थामा नै रहेको पाइन्छ । किनभने यस जातिमा विधुवा विवाह अन्तरजातीय विवाहलाई हेला र घृणाको भावनाले हेरिने तर विधुर विवाहलाई भने स्वाभाविक रुपमा नै लिने गरेको पाइन्छ । त्यस्तै यस जातिमा छोरा छोरीको

विवाह गर्दा पनि विवाह गर्ने केटीलाई केटा छान्ने वा रोज्ने अधिकार हुँदैन भने घरको काममा पनि छोरा र छोरीमा केही रुपमा भेदभाव नै भएको देखिन्छ ।

कृषि तथा पशुपालन पेशा कार्यलाई परम्परागत पेसाको रुपमा स्वीकारने यस जातिको १६ वर्ष उमेर पुगेका जनसंख्याको ५८.५९ प्रतिशत जनसंख्या यही कार्यमा लागेको देखिन्छ । यसबाट पनि स्पष्ट हुन्छ कि यस जातिको आफ्नै जातीय विशिष्ट पेशाा नै यिनीहरुको मुख्य पेसा हो । मुख्य पेसाको रुपमा अपनाइएको कृषि र पशुपालन कार्यमा सलग्न मानिसहरुले पनि यस पेशााबाट आफ्नो जीविकोपार्जन राम्रो सँग सञ्चालन गर्न सकेका छैनन् । यस जातिका युवाले यस पेसा प्रति हेर्न दृष्टिकोण राम्रो नभएको हुनाले आजभोली यो पेसा क्रमश : ओरालो लागि रहेको देखिन्छ । यसैगरी उमेर समुहका ४ प्रतिशत मानिसहरुले मात्र अन्य पेसालाई प्रमुख रुपमा अँगालेको पाइन्छ । थोरै प्रतिशत जनसंख्यामात्र यस क्षेत्रमा लागनुको कारण यस जाति सँग न त आफ्नो स्वामित्वमा प्रयाप्त मात्रामा जमिन छ । नत प्रयाप्त मात्रा अर्काको जमिन नै कमाउन सकेका छन् वर्ष भरी घाम पानीको वास्ता नगरी माटोमा नै जिन्दगी विताए तापनि यस जातिको ६५ परिवारलाई मात्र उत्पादित खाद्यनले वर्षभरि खाना पुग्ने गरीन्छ । यस जातिका मानिसहरु विभिन्न पेसामा सलग्न भएर दिनहुँ काम गर्ने भएतापनि आम्दनीको स्रोत त्यति भरपर्दो र स्थायी किसमको देखिएन् । यस जातिका ज्यादै कम मानिसले मात्र अर्थात १५ प्रतिशतले रोजगारी पाएका छन् भने अन्य व्यक्तिहरु छैन् । यस जातिले जातीय आय आर्ज गर्ने गरेको भए तापनि उनीहरु बढी खर्च गर्ने बानी भएको हुँदा आम्दानी अनुसारको बचत गरेको पाइँदैन । हाल सम्म यस जातिको उत्थान र विकासको लागि कतैबाट ध्यान दिएको पाइँदैन । यस वडामा कार्यरत गैर सरकारी संस्थाले यस जातिको विकासको लागि केही कार्यको थाल्नी गरेको छैन । यस जातिको समाजिक स्थितिलाई हेर्दा असामान्य रहेको देखिन्छ । किनभने आजसम्म पनि समाजमा जाति जाति बीचमा मतभेदको भावना कायमै रहेको हुनाले पनि बाटोमा हिड्दा यिनीहरु पन्छाउने गरेको देखिन्छ । यिनीहरु ऋाफ्नो संस्कारहरुमा पनि अत्यधिक भोज भतेरमा दुध,दहि,बरी ,भोरी भ्ाबका प्रयोग गरिएको पाइन्छ भने हाल परिवर्तन भइ मासु रक्सी ,वियर,समेतमा प्रयोग गरेको देखिन्छ ।

## ५.३ सुझावहरु

यादव जातिको जीवन स्तर न्यूनस्तर मध्यम स्तर तिर लम्केको तथ्य माथिको अध्ययनले प्रष्ट पारेको छ । यिनीहरु चौतर्फी विकास गरी मानवोचित तरिकाले जीवन यापन गर्न सक्षम बनाउन निम्न बुँदाहरुलाई सुझावको रुपमा उल्लेख गर्न सकिन्छ ।

क) शिक्षा तर्फ यो जाति पूर्ण उदासिन नरहेपनि उच्च शिक्षा हासिल गर्न शैक्षिक गतिविधिमा अग्रसर गराएर  परम्परा देखि पालिदै आएको अन्धविश्वास,रुढिवादीलाई निर्मुल पार्न अति आवश्यक देखिन्छ ।

ख) नेपाल सरकारका योजनाहरुले बार्षिक कार्यक्रमहरु बनाउँदा यस जातिको उत्थानका निम्ति विशेष योजनाहरु ब्नाउनु पर्ने देखिन्छ ।

ग) यस वडा अन्तर्गत खेती गर्ने जग्गा प्रशस्त रहेपनि सुलभ सिचाँइको अभावले उक्त खेतहरुमा उनत जातका बाली नाली लगाए कृषि उत्पादन बढाउन सकिने देखिन्छ ।

घ)  स्थानीय निकायका सरकारी वा गैरसरकारी संस्थाहरुले यिनीहरुको सामाजिक , सांस्कृतिक तथा आर्थिक विकास हुने कार्यक्रम ल्याउनु पर्दछ ।

ङ) यादव जातिको थप स्वास्थ्य सुविधाको लागि स्वास्थ्य चौकी, सरसफाइ परिवार नियोजन सम्बन्धि अवधारणामा व्यापक रुपमा प्रचारप्रसार गरी यिनीहरुको चेतनामा अभिवृद्धि गर्न सकिन्छ ।

च) वेरोजगारी तथा अर्धबेरोजगारी रुपमा रहेका यस जातिका मानिसहरुलाई  सीपमूलक व्यवसायिक तालिम दिई अन्य व्यवसाय तर्फ उल्मुख गराउनु पर्ने देखिन्छ ।

छ) देशको लोक सेवा , शिक्षक सेवामा यस जातिको प्रवेश ज्यादै कम भएको हुनाले उनीहरुलाई सरकारी वा गैरसरकारी सेवामा बढी भन्दा बढी प्रवेश गराउन विशेष पहल गर्न आवश्यक देखिन्छ  ।

ज) देशको सामाजिक साँस्कृतिक तथा आर्थिक आदि पक्षमा पनि राजनीतिले प्रभाव पार्ने भएकोले राजनैतिक नियुक्तिहरुमा पनि यस जातिको प्रतिनिधित्वका लागि विशेष पहल गनु पर्ने देखिन्छ ।

झ) यादव जातिको महिला वर्ग अझ पनि केही मात्रामा चार पर्खाल भित्र सीमित रहने गरेकोले उनीहरुलाई सीपमूलक तालिम प्रदानगरी  आयमूलक विशेष कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ ।

ञ)  यस जातिमा मुण्डन, विवाह, मृत्यु पश्चात हुने भोज भतेर छोरीलाई दाइजो दिनु पर्ने आदि जस्ता अनावश्यक खर्च न्युनीकरण गर्नु पर्ने जनभावनाको विकास हुनु पर्ने, विशेष कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने दखिन्छ ।

## अनुसूची - १

रामप्रताप रामप्रसाद तामाङ्ग जनता बहुमुखि क्याम्पस गोलबजार

## अर्न्तवाता सुचि

१. घरमुलीको परिचय : मिति :

(क) नाम , थर : .......................................

(ख) उमेर ......... वर्ष

(ग) पेशा ..........

(घ) लिङ्ग : म पु

(ङ) धर्म .....................

(च) शिक्षा .................

२. तपाइ यस गाँउको मधेशी हो ?

(क) हो (ख) होइन

३.यदि मधेशी होइन भने कहाँबाट कहिले यस गाउँमा बस्न थाल्नु भएको हो ?.......................................................................................................................

.....................................................................................................................

४. तपाईको परिवारमा कित सदस्यहरु छन् ?

परिवार संख्या : ...........................

(क) पुरुष ..............संख्या (ख) महिला ................. संख्या

५. तपाईको परिवार कस्तो प्रकारको छ ?

(क) संयुक्त परिवार (ख) एकल परिवार (ग) वृहत परिवार

६. परिवारका सदस्यहरुसंग तपाईको के के नाता पर्दछ ? खुलाउनु होस् ।

| क्र.स. | घरमुली सं.को नाता | उमेर | लिङ्ग | विवाहित | अविवाहित | शिक्षा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

७. के तपाइहरु संयुक्त परिवारमा बस्नुहुन्छ ?

(क) हो (ख) होइन

८. यदि संयुक्त परिवारमा हुनुहुन्थ्यो भने किन छुट्टिनु भयो ?

क) घरमुलीको हातमा भएको अधिकारलाई मन नपराएर

ख) बाल-बच्चाकाबीचमा झगडा भएर

ग) महिला -महिलाविचमा झगडा भएर

घ) गरिबीको कारण

ङ) आफै खाउँ आफै लाउँभन्ने भावनाबोकेर

९. तपाईको आफ्नो कोखबाट जन्मिएका छोराछोरी कति छन् ?

क) छोराको संख्या ............ ख) छोरीको संख्या ..........

१०. तपाइको शैक्षिक स्थिती कस्तो छ ?

क) शिक्षित ख) साक्षर ग)निराक्षर

११.तपाईको विवाह कसरी भयो ?

क) बाबुआमाले मिलाएर ख) केटाकेटी मन्जुरीमा ग) करकापमा परेर

१२.के तपाइलाई सबै मानिसले विवाहगर्नु पर्छ जस्तो लाग्छ ?

क) लाग्छ ख) लाग्दैन

१३.तपाइको सन्तानको विवाहगर्दा केटाकेटी छान्ने अधिकार कसलाई हुनछ ?

क) बाबुआमालाई ख) केटाकेटी दुवैलाई ग) बाबुआमा र नातेदारलाई

१४.यस जातिमा प्राय कतिवर्षको उमेर विवाह गर्ने गरिन्छ ?

क) केटा .......... वर्ष ख) केटी ............. वर्ष

१५.यस जात भित्र आफना कति पुस्ता सम्म विवाह गर्नु हुदैन ?

क) बाबुपट्टि............... ख) आमापट्टि................

१६. तपाइलाई अर्न्तजातीय विवाह कस्तो लाग्दछ ?

क) राम्रो ख) नराम्रो

१७. किन ?

..........................................................................................................

..........................................................................................................

१८. तपाइको परिवारमा अर्न्तजातीय विवाह भएको छ ?

क) छ　　　　　　　ख) छैन

१९. तपाईको विचारमा विधुवा-विधुरहरुले पुनः विवाह गर्नु हुन्छ , हुदैन ?

क) हुन्छ　　　　　　ख) हुदैन्

२०. यदि हुन्छ भने कसलाई र कुन अवस्थामा ?

....................................................................................................................................

.....................................................................................................................

२१. तपाइको यस जातीमा कति किसिमको विवाह प्रचलित छ ?

....................................................................................................................................

.....................................................................................................................

२२. तपाइहरुले परिवार नियोजन गर्नुभएको छ ?

क) छ　　　　　　　ख) छैन्

२३. छ भने कसले ?

क) पुरुषले　　　　　ख) महिलाले

२४. कस्तो ?

क) स्थाई　　　　　　ख) अस्थाई

२५. तपाई कुन पेशा अपनाउनु हुन्छ ?

क) कृषि　　ख) व्यापार　　　　ग) नोकरी　　घ) मजदुरी

२६.यस जातीको परम्परागत पेसा कृषि (खेतीपाती गर्ने) काम प्रति तपाई लाई कस्तो लाग्दछ?

क) राम्रो　　　　　　ख) नराम्रो

२७. तपाइलाई आफ्ना सन्तानले भविष्यमा कुन पेसा अपनाउन भन्ने लाग्दछन् ?

....................................................................................................................................

................................................................................................................

२८. तपाइले आफ्ना परम्परागत पेसालाई बचाउन कुन तालिम लिनु भएको छ ?

क) छ　　　　　　　ख) छैन

छ भने तालिम

:...........................................................................................

२९. कुन कारणले गर्दा तपाईलाई आफ्नो पेसा प्रति निरास आएको जस्तो लाग्दछ ?

..............................................................................................................

...............................................................................................................................

३०. तपाइको परिवारको सदस्य विरामी भए कहाँ लैजानु हुन्छ ?

क) धामी/झाक्री    ख) डाक्टर/वेद

३१. तपाइको घरबाट स्वास्थ्य चौकी जान कति समय लाग्छ?

क) ............ मिनेट  ख) थाहा छैन

३२. तपाइलाई भुत/प्रेत धामी बोक्सी प्रति विश्वास छ ?

क) छ    ख) छैन    ग) थाहा छैन

३३. तपाई चुरोट/विडी/सुर्ति/तमाखु खानु हुन्छ ?

क) खान्छु    ख) खान्न

३४. तपाइ जाड रक्सी खानु हुनछ ?

क) खान्छु    ख) खान्न

३५. तपाइले गाईबस्तु पालनु भएको छ ?

क) छ    ख) छैन

३६. छ भन्ने कति वटा ?

क) गाई ......    ख) बाखा........    ग) बंगुर..............    घ)कुखुरा........

ङ) भैसी.............    च) अन्य............

३७. तपाइले आफ्नो बच्चाहरु कहा जान्माउनु भयो ?

क) अस्पतालमा (सरकारी/निजी)    ख) घरमा    ग) स्वास्थ्य चौकीमा

३८. तपाइको घरमा बच्चा जन्मिए पश्चात नवारन गर्ने प्रचलन छ ?

क) छ    ख) छैन    ग) थाहा छैन

३९. यदि छ भने कति दिनमा गर्ने गरिन्छ ?

.................. दिन

४०. नवजात शिशुको नामाकरण गर्ने अधिकार कसलाई हुनछ ?

क) आमा          ख) बाबु          ग) परिवारको सल्लाहमा

४१. तपाइको परिवारको लागी खानेपानीको मुख्य स्रोत कुन हो ?

क) धारा ( )    ख) ( )         ग) अन्य.........

४२. तपाइ घरको काम बाहेक अन्य केही काम गर्न जान्नु हुन्छ ?

क) जानु ..........     ख) जान्न..........

४३. तपाईको आफ्नो काममा घरका अन्य पुरुष सदस्यहरले सहयोग गर्दछन् ?

क) गर्दछन          ख) गर्दैनन्

४४. तपाइको घरको बनावट कस्तो छ ?

क) कच्ची          ख) पक्की

४५. तपाइ धर्म प्रति विश्वास गर्नुहुन्छ ?

क) गर्छु          ख) गर्दिन          ग) थाहा छैन

४६. यदि गर्नु हुन्छ भने तपाई कुन धर्म मान्नु हुन्छ ?

क) हिन्दु          ख) बौद्ध          ग) अन्य.....

४७. तपाईको समुदायमा चाडपर्वहरु मनाउने चलनछ ?

क) छ          ख) छैन

४८. यदि छ भने तपाइको मुख्य चाडपर्वहरु कुन कुन हुन् ?

..........................................................................................................

४९. तपाइलाई यस जातीको साँस्कृति स्तर उठाउन के के गर्नु पर्छ जस्तो लाग्छ ?

..........................................................................................................

## सन्दर्भ सामाग्री


आर्चाय ,बलराम (२०६२) *नेपाली समाज र साँस्कृतिका उपागमहरु,*काठमाडौं सनलाइट पब्लिकेशन

श्री कृष्ण स्मारिका (२०६०) काठमाडौं ,*यादव स्टुडेण्ट वेलफेयर सोसाइटी*

केन्द्रिय तथ्याँक विभाग (२०६८) *राष्ट्रिय जनगणना* , काठमाडौ

खत्री (२०३९) डा.प्रेम कुमार , *नेपाली समाज र साँस्कृतिका उपागमहरु,*काठमाडौं भुँडी प्रकाशन

नेपालको संविधान २०७२ ,

महतो मनाई,(२०७४) *डिमनका पिछडा वर्ग,* राजविराज, सप्तरी

योगी ,स्वामी सुधानन्द (२००२) *यादव ईतिहास ,डिल्ली* ,यादव कुलदिप प्रकाशन

रेग्मी ,केशव प्रसाद (२०७३) ,*सहकारी गति विधि डिभिजन सहकारी कार्यलय* लाहान,सिरहा

स्मारिका (२०७०) *स्थानिय शान्ति समिति कार्यलय* , सिरहा

सुवेदी ,विजय राज (२०६९) ,*जिल्ला विकास योजना* ,जिल्ला विकास समिति सिरहा

ज्ञवाली गिरीराज,(२०७४) *पार्श्व चित्र* ,गोलबजार नगारपालिका

ज्ञवाली ,गोकर्ण प्रसाद (२०६९) *नेपाली समाज र साँस्कृतिका उपागमहरु,*काठमाडौं भुँडी प्रकाशन

१०७.६ मेगाहर्ज ,*रेडियो आकाश गंगा एफ.एम.* गोलबजार ,सिरहा